मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

## शिव सेनाका अध्यक्ष पक्राउ

जिल्ला प्रहरी परिसर काठमाडौँले चैत १५ गतेको तीनकुने घटनामा संलग्न रहेको अभियोगमा शिव सेना नेपालका अध्यक्ष अनिल बस्नेतलाई पक्राउ गरेको छ ।

अध्यक्ष बस्नेतलाई काठमाडौँको सुकेधाराबाट पक्राउ गरिएको जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता एवम् प्रहरी उपरीक्षक अपिलराज बोहराले जानकारी दिए ।

● वर्ष ३ ● अंक १७८ ● २०८२ साल वैशाख २९ गते सोमवार ● Monday 12, May 2025 ● सूर्योदय: बिहान ५:२० बजे ● सूर्यास्त: साँझ ६:४४ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# खोला दोहनमा होडबाजी

# पानीको मूल सुक्यो, पुल धरापमा





**मधेशदृष्टि**
**बारा ।**
मुठ्ठिभरका व्यक्तिले विभिन्न नदी तथा खोला दोहनलाई उत्कर्षमा पु¥याएर फाइदा लिइरहेका छन् । उनीहरुले खोला दोहनलाई निरन्तरता दिँदा बारा उजाड हुने अवस्थामा पुगेको छ । समयमै वर्षा नहुँदा पानीको मुहान सुकेको छ भने पूर्वाधारहरु कुनै पनि बेला गर्लम्म ढल्ने धरापमा परिणत भएका छन् ।

बकेया, दुधौरा, बालगंगालगायतका नदी तथा खोलामा स्थानीय पालिकाले मापदण्डभन्दा बढी मात्रामा बालुवा–गिटी उत्खनन् गराउँदा खोला दोहन उच्च बिन्दुमा पुगेको हो । नगरपालिकाबाट ठेक्का लिएकाहरुले गरेको बदमासीमा कतै जनप्रतिनिधि र कतै कर्मचारीले आँखा चिम्लिदिएपछि नदी तथा खोला दोहन उत्सव नै बनेको छ ।

नदी–खोला दोहनले पानीका मुहान सुक्न, पुरिन र हराउन थालेका छन् । दक्षिणी भेगमा चापाकलबाट पानी गायब भइसकेको छ । कैयौँ ससाना तालतलैया, पैनी सुक्खा खाल्डोमा परिणत भएका छन् । यहाँ कुनै बेला पानीको पोखरी थियो भनेर नयाँ पुस्तालाई सम्झाउनु पर्ने अवस्था बनेको छ । अप्राकृतिक रुपले भइरहेको नदी दोहनले पूर्वपश्चिम महेन्द्र राजमार्गको निजगढस्थित बकेया पुल भासिने जोखिम बढेको छ । दशकौँ पुरानो पुलको पिलर भासिने अवस्थामा छ ।

पुलका उत्तर–दक्षिण दुवैतर्फ करिब १ किलोमिटरको दूरीमा निजगढ र कोल्ही नगरपालिकाले गिटी–बालुवा उत्खनन् गर्ने ठेक्का लगाएपछि बीचमा रहेका पुल छेउका डिल भासिन थालेका छन् भने पुलका पिल्लर छेउछाउ गहिरो खाडल परेको छ र कुनै पनि बेला पुलको पिल्लर ढल्ने अवस्थामा पुगेको छ ।

नदी दोहनको व्यापक जनगुनासो बढेपछि जिल्ला समन्वय समिति (जिसस) का प्रमुख नरेन्द्र साहको नेतृत्वमा गएको टोलीले मापदण्ड भन्दा बढी खोला उत्खनन् भएको आशंका गरेको छ ।



पालिकाहरुले ठेक्का लगाएको भन्दा अत्यधिक बढी मात्रामा खोला उत्खनन् गरेको देखिएकाले त्यस्को नापजोख गर्न निर्देशन दिएको जिसस प्रमुख साहले बताए । 'हामीले प्राविधिक खटाएर नापजाँच गर्नेछौँ,' प्रमुख साहले भने, 'मापदण्ड विपरीत भएको पाइए तुरुन्तै रोक्नेछौँ ।' निजगढ नगरपालिकाले आर्थिक वर्ष २०८१–८२ को ज्येष्ठ मसान्तसम्म गणेश सप्लायर्सलाई १ करोड ३ लाख घनफिट बकैया खोला उत्खनन् गर्न टेन्डर दिएको छ । तर अनुगमनक्रममा ठेक्काको म्याद सकिन एक महिनभन्दा बढी समय बाँकी छदै ३ गुणा बढी नदी उत्खनन् भएको आशंका गरिएको छ ।

उता, कोल्ही नगरपालिकाले सोही खोलालाई ८० लाख घनफिट उत्खनन् गर्न महागौरी सप्लायर्सलाई टेन्डर लगाएको छ । ठेक्का बमोजिम १ महिना पहिल्यै ७५ प्रतिशत खोला उत्खनन् भइसकेको प्रतिवेदन जिससमा आएको छ । तर अहिले पनि व्यापक रुपमा खोला उत्खनन् भएको पाइएको छ । मापदण्डअनुसार दैनिक तीनसय घनमिटर उत्खनन् गर्नुपर्नेमा त्यसको कैयौँ गुणा बढी उत्खनन् भएको पाइएको छ ।

अनुगमनक्रममा बाराका प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीले तत्कालै खोलाको गहिराइ र चौडाइ प्राविधिक परीक्षण गर्न निर्देशन दिइएको र प्रतिवेदन आएपछि थप कदम चालिने बताए ।

उनले प्रारम्भिक वातावरणीय परीक्षणमा उल्लेख भएको भन्दा बढी मात्रामा खोला उत्खनन् भएको देखिएको स्वीकारे । ठेक्का लिएको भन्दा बढी नदीजन्य पदार्थ उत्खनन् हुँदा वातावरणमा प्रभाव परेसँगै जिल्लाको तल्लो भागमा बर्सेनि सुक्खा हुने गरेको छ । अनियन्त्रित नदी उत्खननले नागरिकले बाढीपहिरोको जोखिम खेप्नु परेको छ ।

# उपमेयरको स्वार्थले नगरपालिका अस्तव्यस्तः मेयर





**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको क्षिरेश्वर नगरपालिकाका नगर प्रमुख सुखदेव यादवले उपमेयर रचना माथेमाका कारण नगरपालिका नै अस्तव्यस्त भएको आरोप लगाएका छन् । उनले उपमेयर नगरपालिका नबस्ने, तीन महिनामा एकपटक आउने र सुविधा लिएर जाने गरेको आरोप लगाए ।

पत्रकार सम्मेलन नै गरेर उनले उपप्रमुख माथेमालगायत नेपाली कांग्रेसबाट निर्वाचित वडाध्यक्षहरूले नगरपालिका सञ्चालनमा निरन्तर अवरोध गरिरहेको गम्भीर आरोप लगाए । उनले उनीहरु नेकपा एमालेको बहुमत रहेका कारण राजनीतिक प्रतिशोध साध्ने कार्य गरिरहेको बताउँदै आफूहरुले विकासका लागि कार्य गर्दासमेत विभिन्न किसिमले अवरोध अवस्था सृजना भइरहेको बताए । उनले उपप्रमुखको भूमिकाले विकास कार्यमा बाधा पु¥याएको दाबी गरे ।

उपप्रमुख माथेमाले बहुमतको दम्भमा नगरपालिका चल्न नदिएको आरोप लगाउँदै नगरप्रमुख यादवले भने, 'नगरपालिकामा राम्रो विकास गर्ने मेरो सोच र योजना छ, तर उपप्रमुखसहित केही वडाध्यक्षहरूले कुनै काम हुन दिइरहेका छैनन् । बहुमतको दम्भले उपप्रमुखले काम गर्न अवरोध गर्नु भएको छ ।'

नगरप्रमुख यादवले आफूले अहिलेसम्म गरेका विकास योजना पनि सार्वजनिक गरे । उनले नगरपालिकाको योजनामा अनाहकमा बखेडा झिकेर उपमेयरले समस्या ल्याउने कार्य गरिरहेको बताए । उनले भने, 'म एमालेबाट जितेको हुँ, त्यसकारण समस्या हुने गरेको छ, नेपाली काग्रेसले पाइलापाइलामा अवरोधको अवस्था ल्याउने गरेका छन, जसकारण विकासका काम चाहेरसमेत गर्न सकेका छैनौँ ।'

उनले दुर्गा आधारभूत विद्यालय भवन सात करोड रुपैयाँको लागतमा निर्माणाधीन रहेको, डेढ करोड रुपैयाँको लागतमा ब्याडमिन्टन कर्भडहल निर्माण भइसकेको, १० करोड रुपैयाँको लागतमा शीतभण्डारण केन्द्र निर्माण भइरहेको र तीन करोड रुपैयाँको कालोपत्रे सडक सम्पन्न भएको जानकारी दिए ।

उनले किसानका लागि सिँचाइमा विद्युत महसुल निःशुल्क गरिएको र त्यसका लागि चालु आर्थिक वर्षमा ५० लाख रुपैयाँ छुट्याइएको उल्लेख गरे । साथै, विद्यालयमा फर्निचर व्यवस्था गरिएको र बोरा ओछ्याएर पढ्नुपर्ने अवस्था अन्त्य गरिएको बताए ।

# राजतन्त्र र हिन्दूराज्यको गठजोडमा राजावादीहरु

**मधेशदृष्टि**
**काठमाडौँ ।**
राजसंस्था पुनःस्थापनाका लागि संयुक्त जनआन्दोलन समितिको बैठक राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) को केन्द्रीय कार्यालयमा बसेको छ ।

यसपटक बैठकमा पार्टीमा पराजय भोगेपछि छाडेर गएका र अर्कै पार्टी बनाएका कमल थापा पनि उपस्थित थिए । बैठकमा समितिका संयोजक नवराज सुवेदी, राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन, राप्रपा नेपालका अध्यक्ष कमल थापा, राप्रपाका पूर्व अध्यक्षद्वय पशुपति शमशेर जबरा र डा.प्रकाशचन्द्र लोहनी सहभागी थिए ।



जेठ १५ गते प्रारम्भ हुने उपत्यकाकेन्द्रित जनआन्दोलनका लागि बैठक बसेको हो । पार्टी, संस्था, अभियानका सबै संरचना आन्दोलनमा परिचालन गरिने भएको छ ।

बैठकले जेठ ८ गते काठमाडौँको साँखुबाट जनआन्दोलन प्रारम्भ हुनुअघि उपत्यकामा प्रचारात्मक अभियान सञ्चालन गर्ने निर्णय गरेको छ । जेठ ११ गतेसम्म सञ्चालन हुने प्रचारात्मक कार्यक्रम सबै नगरपालिकामा सभा गर्दै भक्तपुरको चाँगुनारायणमा समापन हुने राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रवक्ता मोहन कुमार श्रेष्ठले बताए ।

जनआन्दोलनमा आमउपत्यकाबासीको सक्रिय सहभागिताका लागि घरदैलो, कोणसभा र जागरणका विविध गतिविधि सञ्चालन गरिने भएको छ । आइतबार बिहानमात्रै सुकेधारास्थित नवदुर्गा पार्टी प्यालेसमा समितिको आयोजनामा विभिन्न ४४ दल, संस्था, समूह र अभियानको संयुक्त बैठक बसेको थियो ।

**ज्ञानेन्द्र शाह नजरबन्दमा !**

राजावादी आन्दोलनको तयारी भइरहेका बेला ज्ञानेन्द्र शाहलाई सरकारले बिनाघोषणा निर्मल निवासमा नजरबन्दमा राखेको पाइएको छ । उच्च स्रोतका अनुसार नेपाल प्रहरीका सिभिलका अधिकारी शनिबारदेखि खटाइएको हो ।

शुक्रबार नगरकोटको १२ दिने बसाइपछि शाह निर्मल निवास फर्केका थिए । यसबीचमा उनले राजावादी सबै पक्षसित भेट गरेका थिए । यसअघि राजावादी आन्दोलनका संयोजक नवराज सुवेदीलाई नजरबन्दमा राखिएको थियो ।

# नौ महिनामा देश कस्तो भयो ?

**मधेशदृष्टि**
**वीरगंज ।**
कोभिड र डेंगुपछि पनि सुध्रिन नसकेको नेपालीको आर्थिक अवस्थाबारे सुधार भइरहेको भनेर सरकारले तथ्य बाहिर ल्याएको छ । बेलाबखत आउने यस्तो तथ्यमा देशको अवस्था सुधार भएको भनिए पनि नेपाली जनता भने नगदविहीन, क्रयक्षमता गिर्दो अवस्था भोगिरहेका छन् ।

आइतबा सार्वजनिक तथ्य अनुसार, आर्थिक वर्ष २०८१–८२ को ९ महिना (साउन–चैत) सम्मको शोधनान्तर स्थिति ३ खर्ब ४६ अर्ब २३ करोड रुपैयाँ बचतमा छ । अमेरिकी डलरमा शोधनान्तर स्थिति २ अर्ब ५५ करोड बचतमा छ भने गतवर्ष यति नै बेला यस्तो बचत जम्मा २ अर्ब ७५ करोड थियो । यसले आर्थिक अवस्था सुधारको संकेत गरेको छ ।

प्रत्यक्ष वैदेशिक लगानी ८ अर्ब ९६ करोड छ । मुलुकबाट बाहिरिने रकमको तुलनामा भित्रिने रकम धेरै हुँदा शोधनान्तर स्थिति बचतमा रहेको बताइएको छ । नेपालको विदेशी मुद्रा सञ्चिति हाल २४ खर्ब २६ अर्ब ८४ करोड रुपैयाँ पुगेको छ । यो सञ्चितिले १७.१ महिनाको वस्तु र १४.२ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने बताइएको छ । नेपालमा अहिले १४.२ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने विदेशी मुद्रा सञ्चिति छ ।

**घट्यो महँगी**

यस वर्ष महँगी घटेको र मुद्रास्फीति दर कम भएको रिपोर्ट सार्वजनिक गरिएको छ । चैत महिनासम्म मुद्रास्फीति ३.३९ प्रतिशत छ । अघिल्लो आव सोही अवधिमा ४.६१ प्रतिशत थियो । यो वर्ष पेय पदार्थ समूहको मूल्यवृद्धि २.४५ प्रतिशत र गैरखाद्य तथा सेवा समूहको मुद्रास्फीति ३.९० प्रतिशत छ । अघिल्लो वर्ष सोही अवधिमा यी समूहको मुद्रास्फीति क्रमशः ५.२२ र ४.२० प्रतिशत थियो ।

खाद्य तथा पेय पदार्थ समूह अन्तर्गत घिउ तथा तेल उपसमूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकांक ११.६३ प्रतिशत, फलफूल ९.०७, दाल तथा गेडागुडी ६.५८ र गैरमदिराजन्य पेय पदार्थको ५.१६ प्रतिशतले बढेको छ । तरकारी उपसमूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकांक ५.२४ प्रतिशत, मरमसला २.३२ र माछा तथा मासुको ०.८९ प्रतिशत घटेको छ ।

गैरखाद्य तथा सेवा समूह अन्तर्गत विविध वस्तु तथा सेवा उपसमूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकांक ८.६९ प्रतिशत, कपडाजन्य तथा जुत्ताचप्पल ७.०१, मदिराजन्य पेय पदार्थ ६.०७ प्रतिशत, फर्निसिङ तथा घरायसी उपकरण ५.५९ प्रतिशत र सुर्तीजन्य पदार्थको ४.८३ प्रतिशत बढेको छ ।

**कोशीमा महँगी**

राष्ट्र बैंकको तथ्यांक अनुसार प्रदेशगतमा कोशी प्रदेशमा सबैभन्दा बढी महँगी छ । कोशीमा उपभोक्ता मुद्रास्फीति ४.९१ प्रतिशत, मधेशमा ३.५९, बागमतीमा २.८०, गण्डकीमा २.८३, लुम्बिनीमा ३.११, कर्णालीमा ३.११ र सुदूरपश्चिममा ३.५१ प्रतिशत छ । यस्तै काठमाडौं उपत्यकाको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति २.९५ प्रतिशत, तराई ३.३१, पहाड ३.४६ र हिमालको ४.४७ प्रतिशत छ । चैत २०८१ मा वार्षिक बिन्दुगत थोक मुद्रास्फीति ४.२० प्रतिशत छ । अघिल्लो वर्ष सोही महिना यस्तो मुद्रास्फीति ४.९४ प्रतिशत थियो ।

**प्रदेश खर्च ८५ अर्ब ४७ करोड**

प्रदेश सरकारहरुले चालु आर्थिक वर्षको ९ महिनामा ८५ अर्ब ४७ करोड रुपैयाँ खर्च गरेका छन् ।

प्रदेश सरकारहरूको स्रोत परिचालन १ खर्ब ३९ अर्ब ७३ करोड रुपैयाँ छ र यसमा नेपाल सरकारले हस्तान्तरण गरेको अनुदान र विभाज्य कोषबाट बाँडफाँट हुने राजस्व समेत समावेश छ । प्रदेश सरकारहरूले परिचालन गरेको र अन्य स्रोतबाट प्राप्त राजस्व ३५ अर्ब ७ करोड रुपैयाँ छ ।

**१ खर्ब ३२ अर्ब रेमिट्यान्स**

नेपालमा पछिल्लो ९ महिनामा रेमिट्यान्स ११ खर्ब ९१ अर्ब ३१ करोड रुपैयाँ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिसँग तुलना गर्दा रेमिट्यान्स १० प्रतिशतले वृद्धि भएको छ । वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिनेको संख्या ३ लाख ५८ हजार २२ र पुनः श्रम स्वीकृति लिनेको संख्या २ लाख ४९ हजार ६ सय ५२ पुगेको छ । मासिक १ खर्ब ३२ अर्ब ३६ करोड रुपैयाँ बराबर रेमिट्यान्स भित्रिएको छ ।

**बाहिरियो १ खर्ब ३ अर्ब ८४ करोड**

विदेश जाने नेपाली विद्यार्थीको रकम १ खर्ब ३ अर्ब ८४ करोड रुपैयाँ पुगेको छ । चैतसम्म भ्रमण व्यय १ खर्ब ७० अरब ३९ करोड रुपैयाँ पुगेको छ, जसले गत वर्षको तुलनामा १९ प्रतिशत वृद्धि देखाएको छ । विदेश घुम्न जाने नेपालीले विदेशी मुद्रा खर्च गरेका छन् भने नेपालले विदेशी नागरिकबाट आम्दानी गरेको रकम त्यसको तुलनामा कम भएकोले सेवा घाटा भएको छ । नेपाली विद्यार्थीले १ खर्ब ३ अर्ब ८४ करोड रुपैयाँ विदेश लगेका छन् ।

गत वर्ष सोही अवधिमा ९५ अर्ब ८५ करोड रुपैयाँ विद्यार्थीसँगै बाहिरिएको थियो । नेपालबाट विदेश घुम्न जानेले ९ महिना अवधिमा ६६ अर्ब ५५ करोड विदेशी मुद्रा खर्च गरेका छन् । नेपाल घुम्न आउने विदेशी नागरिकबाट नेपालले ६६ अर्ब ५४ करोड रुपैयाँ आम्दानी गरेको छ । खुद सेवा आय ८१ अर्ब ५४ करोड रुपैयाँ घाटामा छ ।




दुर्घटनाग्रस्त ट्रयाक्टरः सिरहाको मिर्चैया नगरपालिका–५ स्थित थानाचोकमा आइतबार तीव्रगतिमा आएको ट्रयाक्टर अनियन्त्रित भई सैलुन पसलमा ठोक्किँदा चार वटा मोटरसाइकलमा क्षति पुगेको छ । दुर्घटनामा मानवीय क्षति भने नभएको इलाका प्रहरी कार्यालय मिर्चैयाले जनाएको छ । तस्बिरः रासस

# अवैध लागूऔषधसहित १४ जना पक्राउ

**काठमाडौं ।**
देशका विभिन्न स्थानमा गरिएको सुरक्षा कारबाहीका क्रममा प्रहरीले अवैध लागूऔषध कारोबार तथा सेवनमा संलग्न १४ जनालाई पक्राउ गरेको छ। पक्राउ परेकाहरूबाट विभिन्न प्रकारका लागूऔषध बरामद गरिएको छ।

कपिलवस्तु, वाणगंगा नगरपालिका–११ नेपालचोकबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ १ ग्राम ६ सय ९० मिलिग्राम सहित २ जनालाई शनिबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा रूपन्देही सैनामैना नगरपालिका–१० पानबारी बस्ने ३२ वर्षीय पर्वत श्रीसमगर र ३४ वर्षीय अशोक विक रहेका छन् । अस्थायी प्रहरी पोष्ट भङ्गिहवाबाट खटिएको प्रहरीले लु.२९ प २१०० नम्बरको स्कुटरमा सवार उनीहरूलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो ।

मोरङ, विराटनगर महानगरपालिका–१६ हुलास चोकबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ ७ ग्राम २ सय ३० मिलिग्राम सहित सुनसरी इटहरी उपमहानगरपालिका–१६ बस्ने ३६ वर्षीय सुजन विकलाई शनिबार साँझ प्रहरीले पक्राउ गरेको छ । लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय विराटनगरबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ पैदल आउँदै गरेका उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो ।

यसैगरी मोरङ, विराटनगर महानगरपालिका–१६ हुलास चोकबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ २ ग्राम ९ सय ८० मिलिग्राम सहित बेलवारी नगरपालिका–३ बस्ने २५ वर्षीय मिलन धिमाललाई शनिबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय विराटनगरबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ पैदल आउँदै गरेका उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो ।

यसैगरी मोरङ, विराटनगर महानगरपालिका–१६ हुलास चोकबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ १ ग्राम ४ सय ६० मिलिग्राम सहित २ जनालाई शनिबार साँझ प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सुनसरी इटहरी उपमहानगरपालिका–२० बस्ने ४० वर्षीय राजकुमार बस्नेत र २३ वर्षीय मदन बुढाथोकी रहेका छन् ।

लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय विराटनगरबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो ।

तनहुँ, आँबुखैरेनी गाउँपालिका–४ बेनिटारबाट नियन्त्रित लागूऔषध फेनारगन ६२ एम्पुल, नोर्फिन ६२ एम्पुल र डाईजेपाम ६२ एम्पुल सहित २ जनालाई शनिबार बेलुकी प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा कास्की पोखरा महानगरपालिका–३१ बस्ने ३० वर्षीय आशिक जलारी र तनहुँ शुक्लागण्डकी नगरपालिका–३ बस्ने २२ वर्षीय प्रदिप विक रहेका छन् । अस्थायी प्रहरी पोष्ट मुग्लिङ पुलजिपबाट खटिएको प्रहरीले मुग्लिनबाट आँबुखैरेनीतर्फ आउँदै गरेको ग.१ ख ९२६९ नम्बरको बसमा सवार उनीहरूलाई उक्त लागूऔषध सहित पक्राउ गरेको हो ।

मकवानपुर, हेटौंडा उपमहानगरपालिका–१३ बाट नियन्त्रित लागूऔषध ट्रामाडोल २५ ट्याब्लेट सहित २ जनालाई शनिबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही ठाउँ बस्ने २५ वर्षीय अजित दोङ र २१ वर्षीय बिनय लामा रहेका छन् । प्रहरी चौकी पदमपोखरीबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त लागूऔषध सहित पक्राउ गरेको हो ।

बारा, विश्रामपुर गाउँपालिका–५ नकटुवाबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ करिब ४ सय २० मिलिग्राम सहित २ जनालाई शनिबार राति प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही ठाउँ बस्ने २० वर्षीय शेख फैईयाज र आदर्श कोतवाल गाउँपालिका–२ खजुरिया बस्ने ३५ वर्षीय नितेश कुमार कोईरी रहेका छन् । इलाका प्रहरी कार्यालय प्रसौनीबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो ।

# जनताको पक्षमा हुनेगरी संविधान संशोधन गर्न आवश्यक छः अध्यक्ष प्रचण्ड

**सुनसरी ।**
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले जनताको पक्षमा हुनेगरी संविधान संशोधन गर्न आवश्यक रहेको बताएका छन ।

आईतवार किरात र लिम्बूवान् राष्ट्रिय मुक्ति मोर्चा, नेपालको संयुक्त राष्ट्रिय सम्मेलन उद्घाटन गर्दै उनले संविधानलाई परिवर्तन नभई परिमार्जनको दस्ताबेजका रूपमा लिनुपर्ने बताए ।

अध्यक्ष प्रचण्डले संविधान जनताको चाहना र आवश्यकताअनुसार समयसापेक्ष संशोधन गर्नु आजको आवश्यकता रहेको बताए ।

संविधान निर्माणदेखि सङ्घीय संरचनाको आधार तयार पार्न माओवादीको भूमिकाले वर्गीय र जातीय उत्पीडन अन्त्यका लागि निर्णायक मोड दिएको उनले दाबी गरे । ‘समावेशिता, प्रतिनिधित्व र समानताको सवालमा हाम्रो पार्टीले विगतदेखि हालसम्म खेलेको भूमिका सबैलाई जानकारी नै छ ।

अब त्यसमा जहाँ कमजोरीहरू छन्, त्यहाँ संशोधन गर्दै अगाडि बढ्नुपर्ने आवश्यकता छ’, उनले भने,‘हामीले वर्गीय, जातीय, लैङ्गिक र क्षेत्रीय विभेद अन्त्यका लागि सङ्घर्ष मात्र नभएर त्यसलाई संस्थागत गर्दै शान्तिपूर्ण राजनीतिको धारामा रूपान्तरण गर्न निरन्तर भूमिका खेलिरहेका छौँ ।’

पूर्वप्रधानमन्त्री दाहालले संविधानको रक्षा, लोकतन्त्रको सुदृढीकरण गर्न, आर्थिक विकास र समृद्धिका लागि जनताले कृषिलगायत क्षेत्रमा भोग्दै आएका समस्या समाधानको सङ्कल्पसहित अगाडि बढ्नुपर्नेमा जोड दिए । रासस


मधेश प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
पूर्वाधार विकास निर्देशनालय
पूर्वाधार विकास कार्यालय, सप्तरी

**बोलपत्र छनौट सम्बन्धी आशयको सूचना ।**

(प्रकाशित मितिः २०८२/०१/२९)

यस कार्यालयबाट IFB No.: 10/081/82/IDO/Saptari, मिति२०८१/११/२८ (12th March, 2025) कोमधेशदृष्टिराष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचनाबमोजिम तपशिल ठेक्काको लागि म्याद भित्र रितपूर्वकदर्ता भएका बोलपत्रहरु मध्ये तपशिलमा उल्लेखित बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ (संसोधन सहित) र सार्वजनिक खरिद नियमावली, २०६४ (संसोधन सहित) बमोजिम प्राविधिक प्रस्ताव (Technical Bid) र आर्थिक प्रस्ताव (Financial Bid) हरुको मूल्यांकनबाट उतीर्ण भई ऐन र नियम बमोजिम न्यूनतम मूल्यांकित सारभुत रुपमा प्रभावग्राही बोलपत्र (**Lowest Evaluated Substantially Responsive Bidder**) भएको देखिएकोले बोलपत्रस्वीकृतका लागी छनौट गरीएको हुँदासार्वजनिक खरिद ऐन, २०६३ कोदफा २७ को उपदफा (२), (३) र दफा ४७ प्रयोजनार्थ सम्बन्धित सवैको जानकारी लागी यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

| क्र.सं. | बोलपत्रनं. | योजनाकोनाम/विवरण | छनौट भएको बोलपत्रदाता | कबोल अंक (मू.अ.क.बाहेक) |
|---|---|---|---|---|
| 1. | IDO/Saptari/Works/NCB/40-81/82 | सप्तरी राजबिराब न.पा. गजेन्द्र नारायण सिंह स्मृति भवन तथा संग्राहलय | M/s Vishal-Hans Joint Venture, Bathnaha-02, Saptari | रु.१,३९,३४,५०२.८४ |

- नि.कार्यालय प्रमुख


# फिस इन्क्युवेटर र अक्सिजन एरिएसन मिक्सिङ टावर निर्माण

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज कृषि औजार कारखानामा राष्ट्रिय आविष्कार केन्द्रले नेपालमै पहिलो पटक फिस इन्क्युवेटर र अक्सिजन एरिएसन मिक्सिङ टावर आविष्कार गरेको छ । फिस इन्क्युवेटरले माछाको अण्डाबाट भुरा उत्पादन गर्ने र अक्सिजन एरिएसन मिक्सिङ टावरले पानी र हावालाई आपसमा मिलाउने काम गर्छ । आविष्कार केन्द्र वीरगंजका प्रमुख इन्जिनियर रितेश देवले मेसिन नेपालमै पहिलोपटक आविष्कार गरिएको दाबी गरे । स्वदेशमै यी मेशिन उत्पादन हुन थालेपछि माछापालक किसानले लाभ लिनसक्ने उनको भनाइ छ । केन्द्रले आविष्कार गरेका २ वटै मेसिन लुथरन वल्र्ड रिलिफ नेपाल संस्थाले करिब २ साताअघि आफ्नो मत्स्य परियोजना कार्यक्रम अन्तर्गत बाराको दोदरपाका एक किसानलाई हस्तान्तरण गरिसकेको इन्जिनियर देवले बताए । फिस इन्क्युवेटर मेसिनको मूल्य १ लाख १० हजार रुपैयाँ र अक्सिजन एरिएसन मिक्सिङ टावरको मूल्य ४० हजार रुपैयाँ रहेको उनले बताए । लुथरनले आफ्नो परियोजना अन्तर्गत बाराको सिमरामा कार्यालय स्थापना गरी नेपालमा माछापालक किसानलाई नयाँ प्रविधिसँग परिचित गराउने र ती प्रविधिलाई स्थापित गराउने प्रयास गरिरहेको छ ।

# प्रदेश र स्थानीय तहको सहकार्यमा गाउँमै रोजगारी सिर्जना गर्छौंः मुख्यमन्त्री पाण्डे



**बागलुङ ।**
गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रदेश र स्थानीय सरकारको सहकार्यमा गाउँमै रोजगारी सिर्जना गरिने बताएका छन । आईतवार बागलुङमा आयोजित गण्डकी प्रदेशस्तरीय न्यायिक सम्मेलनमा उनले नागरिकलाई आयआर्जनसँग जोड्न स्थानीयस्तरमै रोजगार सिर्जना गर्नुपर्ने आवश्यकता रहेको औंल्याए । मुख्यमन्त्री पाण्डेले अब प्रदेशभित्रका पालिकामा बढी उत्पादन हुने वस्तुलाई प्राथमिकता दिएर जनशक्ति परिचालन गरिने बताए । ‘आगामी वर्षदेखि स्थानीय र प्रदेश सरकारको सहकार्यमा नागरिकलाई गाउँमै आयआर्जनसँग जोड्ने कार्यक्रम ल्याउँछौँ, रोजगारी सिर्जना गर्छौं । कुन पालिकामा के उत्पादन हुन्छ त्यसलाई प्राथमिकता दिएर काम गर्ने र जनशक्ति परिचालन गर्ने हाम्रो योजना छ’, उनले भने ।

प्रदेश सरकारले गाउँमा ठूलो लगानी गरेर पूर्वाधार निर्माण भए पनि त्यसको उपभोग गर्ने जनसङ्ख्या कम भएकाले गम्भीर भएर सोच्नुपर्ने बेला आएको मुख्यमन्त्री पाण्डेको भनाइ थियो ।

पोखरालाई देशकै पर्यटकीय राजधानी घोषणा गरेपछि पर्यटकको सङ्ख्या बढेको बताउँदै उनले पर्यटनमार्फत गण्डकीलाई समृद्ध बनाउन सकिने भएकाले पोखरा आउने पर्यटकलाई सबै जिल्लामा पु¥याउनका लागि आवश्यक पूर्वधार निर्माण र प्रचारप्रसारलाई जोड दिने प्रतिबद्धता व्यक्त गरे ।

मुख्यमन्त्री पाण्डेले जनताको घरदैलोमा आवश्यकता अनुसार न्यायको पहुँच पु¥याउन स्थानीय र प्रदेश सरकारको साझा जिम्मेवारी रहेको उल्लेख गरे । उनले स्थानीय तहका न्यायिक समितिलाई न्यायसम्पादनमा सघाउ पु¥याउन प्रदेश सरकारले सबै पालिकामा न्यायिक सहजकर्ताको व्यवस्थापन गरेकाले न्यायसम्पादन गर्दा कसैले प्रश्न नउठाउने गरी काम गर्न आग्रह गरे । रासस

# बुद्ध जयन्तीका अवसरमा सरसफाइ

**मधेशदृष्टि**
**वीरगंज ।**
शान्तिका अग्रदूत भगवान गौतम बुद्धको २६४९ औँ जन्मजयन्ती, २६१४औँ बुद्धत्व प्राप्ति दिवस तथा २५६९ औँ महापरिनिर्वाण दिवसको अवसरमा एलाइड युथ सोसाइटी वीरगंज–पर्साको अगुवाइमा सरसफाइ भएको छ । वीरगंजको भिष्वा डाँडामा सरसफाइ गरिएको हो । नेपाली सेना, सशस्त्र प्रहरी, जिल्ला प्रहरी कार्यालय पर्सा र वीरगंज महानगरपालिकाको टोलीको सहभागितामा सरसफाइ गरिएको थियो । यसैबीच सोमबार बुद्ध जयन्तीका अवसरमा भिष्वा डाँडामा विशेष कार्यक्रम हुने भएको छ । शान्तिका अग्रदुत गौतम बुद्धको सन्देश मानव समुदायको लागि सान्दर्भिक र मूल्यवान रहेको अग्रजहरुको बुझाइ छ ।




# रामा यादव स्मृति पत्रकारिता पुरस्कार शारदा र चाँदनीलाई

**राकेश यादव**
**गौर ।**




स्वर्गीय रामा यादव स्मृति पत्रकारिता पुरस्कार २०८१–८२ को घोषणा भएको छ । रामा यादव स्मृति प्रतिष्ठान रौतहटले स्वास्थ्य क्षेत्रमा निरन्तर कलम चलाउने एक जनालाइ नगद २६ हजार १ रुपैयाँ पुरस्कार दिने उद्देश्यले २०७९ मा स्थापना गरिएको पुरस्कार ४ वर्षसम्म निरन्तर दिइएको छ ।

रौतहटमा पहिलो टेलिभिजन स्थापना गर्ने जय रामा मिडियाका संस्थापिका रामा यादवको २०७८ वैशाख २८ गते कोभिड संक्रमणबाट निधन भएपछि स्वास्थ्य उपचार अभावमा कुनै व्यक्तिले ज्यान गुमाउनु नपरोस् भने लक्ष्यसहित पत्रकारिताका माध्यमबाट दबाब सृजना गर्ने पत्रकार महिलालाई पुरस्कृत गर्ने उद्देश्यले पुरस्कार स्थापना गरिएको हो ।

नेपाल पत्रकार महासंघ रौतहट शाखाका सभापति संजय कार्कीले २०८१ का लागि छनौट भएकी सिमरा, बाराका रेडियो समर्पणका प्रमुख एवम् रातोपाटी अनलाइन सम्वाददाता शारदा पोखरेल र २०८२ का लागि छनौट भएकी खुट्टा, पिपराढी–४ महोत्तरीकि कार्यरत चाँदनी झाको नाम घोषणा गर्दै छनौट भएकी दुवैलाइ बधाई दिए ।

प्रतिष्ठानका संरक्षक जयप्रकाश यादवले पत्रकारिता पेशा मर्यादित र सभ्य बनाउन ठूलो चुनौती रहेकाले जिल्लाका सबै सञ्चारकर्मीलाइ पेशागत मर्यादा कायम गर्दै अघि बढ्न सुझाव दिए ।

# चाइना फाउन्डेसनद्वारा बारा र पर्साका विद्यालयमा सहयोग



**मधेशदृष्टि**
**वीरगंज ।**

चाइना फाउन्डेसन फर रुरल डेभलपमेन्टको आर्थिक सहयोग र ग्लोबल कोओपेरसन फर डेभलपमेन्ट, ललितपुरको आयोजनामा बारा र पर्सा जिल्लाका विभिन्न विद्यालयमा शैक्षिक सामग्री, हाइजेन किट, स्टेशनरी तथा खेलकुद सामग्री वितरण गरिएको छ । बाराका ४ र पर्साका १ सहित ६ विद्यालयका ९ सय ४ बालबालिकाका लागि शैक्षिक सामग्री, हाइजेन कीट तथा स्टेशनरी सामग्री वितरण गरिएको हो ।

नेपाल राष्ट्रिय सेकेन्डरी स्कुल, बलरामपुर (विश्रामपुर–३) मा १ सय ८१ बालबालिकालाई शैक्षिक सामग्री र ५ सेट खेलकुदका सामग्री, नेपाल राष्ट्रिय सेकेन्डरी स्कुल, मुसहर्वा (विश्रामपुर–४) मा १ सय ३८ जना बालबालिकालाई शैक्षिक सामग्री र ५ सेट खेलकुद सामग्री,नेपाल राष्ट्रिय सेकेन्डरी स्कुल, बेलहिया (प्रसौनी–६)का २ सय २९ बालबालिकाका लागि शैक्षिक सामग्री र विद्यालयमा ५ सेट खेलकुद सामग्री वितरण गरिएको हो ।

यस्तै, सरस्वती माध्यमिक विद्यालय (प्रसौनी) मा २ सय १५ बालबालिकाका लागि शैक्षिक सामग्री र ५ सेट खेलकुदका सामग्री, सुन्दर मल रामकुमारी कन्या सेकेन्डरी स्कुल, वीरगंजका १ सय ४१ छात्रालाई शैक्षिक सामग्री र विद्यालयमा ५ सेट खेलकुद सामग्री, नेपाल राष्ट्रिय सेकेन्डरी स्कुल, खजानी (सिम्रौनगढ–७) मा ६ सेट खेलकुद सामग्री र नेपाल राष्ट्रिय सेकेन्डरी स्कुल, फेटा–१ मा ३ सेट खेलकुदका सामग्री वितरण गरिएको हो । कार्यक्रम व्यवस्थापन युवा समाजसेवी लोकेश सिंह र डा. धनन्जय यादवले गरेका हुन् ।

# अब चन्द्रनिगाहपुरमा ४६ सिसिटिभी क्यामेरा



**मधेशदृष्टि**
**रौतहट ।**

पूर्व पश्चिम राजमार्गसँग जोडिएको रौतहटको मुख्य व्यापारिक केन्द्र चन्द्रनिगाहपुरमा थप १४ वटा सिसिटिभी जडान गरिएको छ । नगर क्षेत्रमा हुने सवारी दुर्घटना, चोरी, लुटपाटलगायतका विभिन्न घटना गरेर अपराधी फरार भई अन्य जिल्लामा प्रवेश गर्दा चुनौती थपिँदै आएको अवस्थामा रोकथाम तथा नियन्त्रण गरी प्रहरी कार्यालाई प्रविधिमैत्री बनाउने उद्देश्यले सिसिटिभी क्यामेरा जडान गरिएको हो ।

इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरको पहल तथा सहकार्यमा चन्द्रपुर नगरपालिकाको आर्थिक सहयोगमा नगरका विभिन्न स्थानमा ६ थान एनपिआर सिसिटिभी क्यामेरासहित १४ दिन र रातको समयमा समेत नम्बर प्लेट रिडिङ गर्नसक्ने क्षमताको जडान गरिएको डिएसपी राजकुमार राईले बताए ।

यसअघि चन्द्रपुरले विभिन्न स्थानमा जडान गरेको ३२ सिसिटिभी क्यामेराबाट बजार क्षेत्रको गतिविधि निगरानी गर्दै आएकामा जडान गरिएको सहित ४६ क्यामेरामार्फत चन्द्रपुर क्षेत्रको सुरक्षासँग सम्बन्धित विभिन्न क्रियाकलाप २४ घण्टा नै निगरानी शुरू भएको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरले जनाएको छ ।

# वीमा प्राधिकरणद्वारा ट्राफिक सचेतना

**मधेशदृष्टि**
**वीरगंज ।**

नेपाल बीमा प्राधिकरण मधेश प्रदेश कार्यालयको आयोजनामा वीरगंजमा ट्राफिक सचेतनासम्बन्धी कार्यक्रम भएको छ । प्राधिकरणले सप्ताहव्यापी कार्यक्रमअन्तर्गत आइतबार वीरगंजको बसपार्कमा लामो तथा छोटो दूरीका सवारी साधनलाई लक्षित गर्दै ट्राफिक सचेतनासम्बन्धी कार्यक्रम गरेको हो ।

बीमा प्राधिकरण मधेश प्रदेशकी प्रमुख प्रिती देवका अनुसार सामाजिक उत्तरदायित्व बहन गर्दै नागरिकलाई सचेतना बनाउने अभिप्रायले कार्यक्रम गरिएको हो ।

ट्राफिक सचेतनासँगै जीवन बीमा पनि अनिवार्य भएको बताउँदै उनले सवारी साधनको पनि बीमा गराउन सुझाव दिइन् । सचेतना कार्यक्रमले सवारी दुर्घटना कम हुने उनको विश्वास छ । जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साका प्रमुख प्रहरी निरीक्षक लोकराज भट्टले ट्राफिक नियम र कानूनी प्रावधानबारे सचेत गराए ।

# सामुदायिक उत्थानशील परियोजनाको बैठक



**आरके श्रीवास्तव**
**गरुडा ।**

जलवायु जोखिम तथा संकटासन्नताका लागि सामुदायिक उत्थानशील परियोजना अन्तर्गत पालिकास्तरीय प्रारम्भिक बैठक गुजरा नगरपालिकाको सभा हलमा भएको छ । ग्रामीण विकास केन्द्र नेपाल (आरडिसी नेपाल) को आयोजनामा र अक्सफाम हङकङको आर्थिक सहयोग तथा अक्सफाम नेपालको प्राविधिक सहयोगमा कार्यक्रम गरिएको हो ।

कार्यक्रमको अध्यक्षता आरडिसी नेपालका अध्यक्ष पारस हुसेनले गरे भने प्रमुख अतिथि गुजरा नगरपालिकाका नगरप्रमुख सन्तलाल चौधरी थिए । उपप्रमुख रन्ना लामा विशिष्ट अतिथिका रुपमा उपस्थित थिइन् । स्वागत मन्तव्य आरडिसी नेपालका कार्यकारी निर्देशक आशिष सिंहले दिएका थिए भने सञ्चालन फिल्ड अधिकृत ज्योती मिश्राले गरेकी थिइन् ।

परियोजनाको बजेट २ करोड २१ लाख २७ हजार ६ सय १९ रुपैयाँ छ । परियोजना अवधि सन् २०२५ अप्रिलदेखि २०२६ मार्चसम्म रहनेछ । परियोजना क्षेत्र चन्द्रपुर नगरपालिका र गुजरा नगरपालिका छन् । गुजरा नगरपालिकाका वडा नम्बर १, २, ३, ४ र ५ मा परियोजना कार्यान्वयन हुने जानकारी दिइएको छ ।

कार्यक्रमका संयोजक चिरञ्जीवी महतोले परियोजनाको प्रमुख क्रियाकलापबारे जानकारी गराउँदै यसको उद्देश्य जीविकोपार्जन विविधिकरण, सामुदायिक नेतृत्वमा आधारित अनुकूलन योजना निर्माण, तथा समावेशी शासन प्रणालीको प्रवर्द्धन गरी जलवायु उत्थानशीलता सुदृढ गर्नु रहेको बताए । परियोजनाबाट प्रत्यक्ष रुपमा १ हजार २ सय ९४ लाभग्राही र अप्रत्यक्ष रुपमा ५४ हजार ३३ जनाले लाभ पाउने अपेक्षा गरिएको छ ।

# जातीय विभेदविरुद्ध उजुरी

**मधेशदृष्टि**
**सर्लाही ।**

कविलासी नगरपालिका–४ २० वर्षीय अनिल कुमार साह कानु र पत्नी मालती कहारमाथि जातीय विभेद गरेको आरोपमा ४८ वर्षीय रामशिष साह कानु, उनकी पत्नी ४५ वर्षीया नैकी देवी साह कानु र छोरा २० वर्षीय अर्जुन साह कानुविरुद्ध जिल्ला प्रहरी कार्यलय, मलंगवामा उजुरी परेको छ ।

पीडित पक्षका अनुसार रामशिष साह कानुको घरमा वैशाख २३ गते कुल देवताको गोविन गोसाईंको पुजामा आमन्त्रण गरिएको र सोही क्रममा आरोपितहरुले तिमीले तल्लो जातको युवतीसँग विवाह गरेकाले पूजा सामग्री छुनु हुँदैन, छोए अपवित्र हुन्छ, छोइन्छ भनेर जातीय छुवाछूत गर्दै अमानवीय व्यवहार गरेको पीडितले बताए । आरोपित रामशिष साह कानु र उनका छोरा अर्जुन साहले कुटपिट गर्नुका साथै ज्यान मार्ने धम्कीसमेत दिएको पीडितको भनाइ छ ।

पीडितको स्वास्थ्य उपचार जिल्ला अस्पताल, मलंगवामा गरिएको डा. संजिव कुमार सिंहले बताए । उजुरीपश्चात आरोपितहरू फरार रहेकाले खोजतलास गरिरहेको जिल्ला प्रहरी कार्यालय, मलंगवाका डिएसपी सरोज राईले जानकारी दिए ।

# खोप सुदृढीकरण र सरसफाइ प्रवर्द्धन




**मधेशदृष्टि**
**पर्सा ।**

राष्ट्रिय खोप कार्यक्रम अभियानअन्तर्गत नियमित खोप सुदृढीकरण र सरसफाइ प्रवर्द्धन प्याकेज कार्यक्रमको समीक्षा तथा खोप कार्यक्रम सुक्ष्म योजना अध्यावधिक गोष्ठी एवम् वडा पूर्णखोप दिगोपना घोषणा सभा पर्साको जगरनाथपुर गाउँपालिकाको मसिहानीमा भएको छ । जगरनाथपुर गाउँपालिका स्वास्थ्य शाखाले गरेको कार्यक्रममा गाउँपालिका अध्यक्ष श्रीकान्त यादवले पूर्ण खोप दिगोपनामा सहयोग गर्ने स्वास्थ्यकर्मीलाई बधाई दिँदै स्वास्थ्य चौकी र वडा कार्यालयलाई प्रमाणपत्रसहित सम्मानित गरेका थिए ।

गाउँपालिका पूर्ण खोप भए पनि प्रत्येक वर्ष पूर्ण खोप दीगोपना गर्नु पर्नेमा जोड दिए । प्रत्येक दिन बच्चा जन्मिरहेकाले खोप अभियानलाई निरन्तरता दिइए कोही पनि बालबालिका खोपबाट वञ्चित नरहोस् भन्ने उनको धारणा थियो ।

गाउँपालिकाभरका ५ सय ९२ बालबालिका १३ रोगविरुद्ध नियमित खोप लिरहेकाले स्वास्थ्य शाखा प्रमुख प्रभेन्द्र साह कानुले जानकारी दिए ।

वडा पूर्ण खोप दिगोपनाअन्तर्गत पालिकाका जनप्रतिनिधि र स्वास्थ्यकर्मीको टोलीले खोपबारे प्रत्येक वडामा गइ अनुगमन गरिसकेको र कुनै पनि वडामा बालबालिका खोपबाट वञ्चित नरहेकाले वडा पूर्ण खोप दिगोपना घोषणा गरिएको स्वास्थ्य शाखा प्रमुख साहले बताए ।

वडा पूर्ण खोप दिगोपना घोषणा कार्यक्रम गाउँपालिका अध्यक्ष श्रीकान्त यादवको अध्यक्षतामा भएको हो । कार्यक्रममा उपाध्यक्ष बबिता सिंह, प्रमुख प्रशासकीय अधिकृत सन्देश यादव, जनस्वास्थ्य कार्यालय अधिकृत मल्लिका श्रेष्ठ, सबनम कार्की, लेखापाल सन्देश कुशवाहसहितका जनप्रतिनिधि र स्वास्थ्यकर्मीले मन्तव्य व्यक्त गरेका थिए । वडा पूर्णखोप घोषणापछि समीक्षा कार्यक्रम स्वास्थ्य शाखा प्रमुख साहले प्रस्तु गरे ।

# विद्युत् सर्ट भएर आगलागीले क्षति

**मधेशदृष्टि**
**वीरगंज ।**

पर्साको बहुदरमाई नगरपालिका–८ रामनगरीमा विद्युतको तार सर्ट सटका कारण भएको आगलागीले स्थानीयको घर, धानको भकारी र पशुमा ठूलो क्षति पुगेको छ । जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार आगलागीका कारण झन्डै ६ लाख रुपैयाँ बराबरको सम्पत्ति नष्ट भएको अनुमान गरिएको छ ।

स्थानीय तुलसी राउत अहिरको घरमा आइतबार दिउँसो भएको आगलागीबाट उनको फुसको छानो भएको घर पूर्ण रुपमा जलेर नष्ट भएको छ । आगलागीमा तुलसीको धानको भकारी पनि जलेर खरानी भएको छ भने उनको गोठमा रहेको भैंसी समेत घाइते भएको छ । घाइते भैंसीको अवस्था गम्भीर रहेको स्थानीयले बताए ।

यसैगरी, सोही स्थानका हरिन्द्र यादवको फुसको छानो भएको घर र उनको धानको भकारी पनि आगलागीमा जलेर पूर्ण रुपमा नष्ट भएको छ । त्यस्तै, अर्को स्थानीय नन्दु रामको धानको भकारीमा समेत ठूलो क्षति पुगेको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार आगलागीको मुख्य कारण विद्युतको तारमा सर्ट भएको प्रारम्भिक अनुसन्धानले देखाएको छ ।

आगलागीबाट पीडित परिवारले तत्काल राहत र क्षतिपूर्ति माग गरेका छन् । स्थानीयले गाउँमा विद्युत आपूर्तिको अवस्था कमजोर रहेको र पुराना तारका कारण यस्ता घटना बारम्बार हुने गरेको गुनासो गरेका छन् । घटनापछि स्थानीय र प्रहरीले आगलागी नियन्त्रणमा ल्याउन प्रयास गरे पनि फुसको छानो र सुक्खा मौसमका कारण आगो छिट्टै फैलिएको थियो । नजिकै दमकलको सुविधा नहुँदा आगो नियन्त्रणमा ढिलाइ भएको स्थानीयले बताए ।

# यादवद्वारा दुई गाउँलाई लक्षित गरी छठघाट

**मधेशदृष्टि**
**रौतहट ।**



गरुडा नगरपालिका वडा नम्बर ५ स्थित लक्ष्मीपुरमा छठघाट निर्माण शिलान्यास गरिएको छ । कार्यक्रम आयोजना गरुडा नगरपालिका वडा नम्बर ५ मा गरिएको थियो । छठ पर्व मनाउने हजारौं श्रद्धालुलाई लक्षित गरी छठघाट निर्माण पहल गरिएको छ ।

२५ लाख रुपैयाँको बजेटबाट निर्माण गरिने घाटले वडा नम्बर ५ लक्ष्मीपुर र वडा नम्बर ६ अमरपट्टीका छठ व्रतालुलाई प्रत्यक्ष रुपमा लाभ पुर्‍याउनेछ । प्रमुख अतिथि तथा गरुडा नगरपालिका मेयर प्रत्यासी सुनिल कुमार यादवले सम्बोधन गर्दै भने, 'छठ पर्व हाम्रो पहिचान र संस्कृतिको अविभाज्य अङ्ग हो । यस घाट निर्माणले धार्मिक आस्थासँगै स्वच्छ वातावरणमा पर्व मनाउने अवसर प्रदान गर्नेछ । म मेयरमा निर्वाचित भएमा धार्मिक तथा सांस्कृतिक संरचना निर्माणलाई थप प्राथमिकता दिनेछु ।'

गरुडा नगरपालिका वडा नम्बर ५ का वडा प्रत्यासी रमेश यादवले पनि कार्यक्रममा सम्बोधन गर्दै भने, 'यो आयोजना वडा नम्बर ५ र ६ का बासिन्दाको दीर्घकालीन माग थियो । अब हामीले आस्थालाई मात्र होइन, जनताको आवश्यकता र मागलाई पनि सम्बोधन गर्न थालेका छौं ।' स्थानीयले आयोजनाप्रति खुसी व्यक्त गर्दै नियमित सरसफाइ, संरक्षण तथा घाटको दिगोपनाका लागि पनि प्रतिबद्धता जनाए ।

## सम्पादकीय

# बजेट र खेतीपातीका बेला, राजावादीको तेलाबेला

*जेठ १५ अर्थात्, संविधानतः बजेट ल्याउने भनेर २०६५ मा गणतन्त्र घोषणासँगै बजेट दिवसका रुपमा हामी मनाइरहेका छौँ । २०६५ जेठ १५ गते मुलुक 'संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल' घोषणा भएको हो । त्यहीदिन नेपालमा अढाइ सय शताब्दीको इतिहास बोकेको राजतन्त्र विघटन हुँदै परिवारवादको शासन र जन्मेका आधारमा जेठा छोरालाई विष्णुको अवतार मान्ने युग पनि नेपालमा अवसान भएको हो।*

*यो अवसानको दुई दशक पुग्नै लाग्दा राजावादी शक्तिहरु विभिन्न अवतारमा उदाइरहेका छन् । राजा ठीक, एउटा राजा भए मुलुक चल्छ भन्ने दिनहरुको इतिहास पढाउने र गणतन्त्र खराब भनेर देखाउनेहरुको होड छ । यसरी राजतन्त्रको पाठ पढाउनेहरुको पृष्ठभूमि र हैसियत अनि असलियतबारे पनि अनेक कैफियत गणतन्त्रवादीहरुले ल्याइहेका छन् । यसैले देशमा दुई धारको बेलाबखत राम्रै वक्तृत्वकला हुन्छ र नेपाली जनताले सस्तो मनोरञ्जन पाइरहेका छन् । कहिले रविन्द्र मिश्रहरु आउँछन्, कहिले दुर्गा प्रसाईंहरु देखिन्छन् । राजतन्त्रको किस्सा विष्मयकारी देखिन्छ।*

*यस्तैमा सरकार प्रतिनिधि सभामा लामो छलफलमा जुटेर जेठ १५ गते बजेट ल्याउने तयारीमा छ । संसदमा प्रशस्त छलफल भएका छन् । यो छलफलमा आइतबार प्रधानमन्त्री केपी शर्मा ओलीले जवाफ दिएका छन् । अब बजेटको चटारो सकिएको छ । जेठ १५ गते बजेट आउने तयारी छ । तर यही बेला जेठ १५ गते नै मुलुकमा राजावादी जुर्मुराएर राजतन्त्र र हिन्दू धर्मको आन्दोलन चर्काउने तयारी छ । राजतन्त्रका रोमाञ्चकारी दृश्य र पात्रहरुको अदलाबदलीमा यसपटक पार्टी चुनावमा हारेपछि मूलघर छाडेर हिँडेका र नेकपा एमालेको सूर्य चुनाव चिन्ह लिएर उठेका कमल थापा पनि फेरि राजेन्द्र लिङ्देनसँग देखिएका छन् । उनी पनि राजतन्त्र र हिन्दूको मुद्दामा लिङ्देनसँग एकाकार भएका छन् । रवीन्द्र मिश्र हिरासतमा रहँदा कमल थापा लिङ्देनसँग सहकार्यका जोडिएका छन् । जेठ १५ गतेपछि देशमा रोपाइँ, बाढीपहिरोसँगै राजावादीको आन्दोलन पनि चर्किने देखिन्छ।*

*राजतन्त्रका पक्षमा हुने आन्दोलन र गणतन्त्रवादीहरुको एकस्वर भइरहेका बेला छिमेकी मुलुक भारत पनि पाकिस्तानसँगको तनावमा परेका बेला नेपालमा राजावादीहरुको जगजगी कस्तो हुने हो ? यसले जनधनको क्षति गर्ने त पक्का छ । अर्कातिर राज्यको बजेट आउने बेला छ । गाउँमा भने खेतीपातीको बेला छ । यहीबेला व्यवस्था नै अदलीबदली गर्ने तेलाबेलामा राजावादी समूहको बल कति एकतावद्ध हुन्छ ? त्यो भने हेर्न बाँकी छ । तर पटकपटक मुड बदलिइरहने कमल थापा पनि यतिखेर राजेन्द्र लिङ्देनको सारथि बनेर राजतन्त्र र हिन्दूको मुद्दामा फेरि एकठ्ठा भएका छन् । उनलाई पूर्वराजा ज्ञानेन्द्र शाहको मन्त्रणाले काम गरेको देखिन्छ।*

# तोकिएको समयमा विकासका आयोजना सक्नेगरी बजेट बनाऔँ



**केपी शर्मा ओली**

सम्मानीय राष्ट्रपतिज्यूबाट विसं २०८२ वैशाख १९ गते सङ्घीय संसद्को दुवै सदनको संयुक्त बैठकलाई गर्नुभएको सम्बोधनका लागि नेपाल सरकारकोतर्फबाट म सम्माननीयज्यूप्रति हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछु । सरकारको प्रस्तुत नीति तथा कार्यक्रममाथि माननीय सदस्यहरूबाट टिप्पणी र संशोधन प्रस्तावमार्फत प्राप्त रचनात्मक सुझावका लागि धन्यवाद व्यक्त गर्दछु।

अहिलेको सरकार, यो समीकरण निर्माणका मूलतः दुई उद्देश्य थिए–

पहिलो–देशमा व्याप्त गहिरो निराशा हटाई जनतामा आशा तथा उत्साहको सञ्चार गर्ने,

दोस्रो– देशलाई तीव्र आर्थिक वृद्धिको दिशामा अघि बढाउने।

प्रस्तुत नीति तथा कार्यक्रम यी उद्देश्य पूरा गर्नेमा केन्द्रित हुनेछन् । र, नीति कार्यक्रम १० मूल नीतिमा आधारित छन्।

सामाजिक क्रान्ति समाजमा रहेका वर्गहरुबीचको द्वन्द्वका कारण हुन्छ । शासन कसले गर्ने र शासित को हुने भन्ने विषय आजको मुद्दा हैन, हजारौँ वर्षदेखिको मानव सभ्यतासँगै जोडिएको विषय हो । 'स्रोत र साधन' आफ्नो अधीनमा राख्ने बलशाली वर्गले जहिले पनि उत्पादनका साधनमाथि पहुँच नभएका वर्गमाथि वर्चश्व कायम गर्दै आएको छ । एउटा आर्थिक वर्गले अर्कोमाथि आफ्नो वर्चश्व कायम गरेपछि मात्र परिवर्तनका लागि हुने गरेका आन्दोलन र सङ्घर्षहरु रोकिएका छन् । पहिले युरोपमा सामन्ती प्रणाली भत्काउने क्रान्तिको नेतृत्व श्रमजीवी वर्गको सहयोगमा पुँजीपति वर्गले ग¥यो । राजा महाराजहरु या त प्रणाली स्वीकार्ने सम्झौतामा पुगे या भागे–समाप्त पारिए । त्यसपछिका परिवर्तनहरुमा श्रमजीवी वर्ग र पुँजीपति वर्गबीचको द्वन्द्व भए, शासन व्यवस्था फेरिए ... यो सिलसिला चल्दै आयो।

हाम्रो देशमा विचारधारका रुपमा तीनखालको प्रवृत्ति सुरुदेखि नै विद्यमान रह्यो । एकातिर वंश–परम्परामा आधारित सामन्ती प्रवृत्ति र अर्कातिर लोकतन्त्रका हिमायती अन्य दुई प्रवृत्ति । पछिल्ला दुई प्रवृत्तिबीच फाटो आउँदा अघिल्लोको शासनसत्ता लम्बियो, एक हुँदा जनअपेक्षाअनुरुपको प्रणाली स्थापना हुन सक्यो । हजार वर्षभन्दा बढी समय विभिन्न नामका भुरे–टाकुरे, राजा–रजौटाहरुले हाम्रो मुलुकको स्रोत र सम्पत्तिमाथि शोषण र जनतामाथि हुकुमी शासन चलाउँदै आए । पछिल्लो अढाइ सय वर्ष जति शाह वंशीय सामन्ती व्यवस्था मुलुकको अग्रगतिमा तगारो बन्यो।

अनिर्वाचित, परिवार र वंश आधारित 'संस्था' वा 'तन्त्र' कायम राख्ने, परिमार्जन गर्ने वा मिल्काउने भन्ने प्रश्नलाई हामीले २०६२–६३ को परिवर्तनमार्फत निष्कर्षमा पु¥यायौँ, २०७२ सालमा जारी गरिएको संविधानमार्फत संस्थागत ग¥यौँ । कुनै पनि प्रकृतिका जातीय श्रेष्ठता या वंश परम्परामा आधारित पछौटे प्रतिगामी प्रणालीलाई अस्वीकार ग¥यौँ । सङ्घीयतामा आधारित लोकतान्त्रिक गणतन्त्र स्थापना ग¥यौँ।

अहिले यतिखेर राजनीतिक अस्थीरताका कारण सिर्जित निराशालाई 'क्यास–गर्दै', हाम्रा बलिदान तथा शताब्दी लामो सङ्घर्षले इतिहासको रछ्यानमा फालिएको सामन्ती प्रथा ब्युँताउने मात्रै हैन तिथि–मिति नै तोकेर सिंहसानमा विराजमान गराउने र श्रीपेच ढल्काउने जस्ता भ्रम फिँजाइ संविधान तथा व्यवस्थाकाविरुद्ध हिंस्रक एवं अराजक गतिविधि सुरु भएको छ।

प्रस्तावित नीति तथा कार्यक्रममा संविधानको रक्षा र सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको सुदृढीकरण गर्ने प्रतिवद्धता छ । यसका विरुद्ध हुने कुनै पनि प्रकृतिका प्रतिगामी–पुनरुत्थानवादी अराजक गतिविधिको प्रतिवाद गर्ने दृढता व्यक्त गरिएको छ । म विश्वास गर्छु–जनताको वलिदान खेर जान नदिने, प्राप्त उपलब्धिको रक्षा र प्रवद्र्धन गर्ने प्रस्तुत नीतिमा यस सम्मानित सदन एक हुनेछ।

सरकार निर्माणको समयमा "संविधानको समीक्षा गर्ने, यसका सवल पक्षलाई सुदृढ गर्ने र कार्यान्वयनको क्रममा देखिएका कमीकमजोरी सच्याउने" प्रतिवद्धता गरिएको थियो । तसर्थ, सहमतिको आधारमा संशोधनको प्रक्रियाअघि बढाउने नीतिमा सरकार प्रतिवद्ध छ । दलहरु बीचको स्वस्थ प्रतिस्पर्धा, आपसी संवाद, सहकार्य र सहअस्तित्वको नीतिमा राजनीतिक स्थायित्वलाई निरन्तरता दिँदै नीतिगत स्थिरता सुनिश्चित गर्ने हाम्रो प्रयास जारी रहने छ । हामी सबैलाई थाहै छ, सरकार अविच्छिन्न उत्तराधिकारवाला संस्था हो । अविच्छिन्न उत्तराधिकारवाला संस्था भएकै कारण सरकारले आफ्ना नीति सार्वजनिक गर्दा, पूर्ववर्ति सरकारले सुरु गरेका संविधान र कानुनसम्मत तर सान्दर्भिक नीति तथा कार्यक्रमलाई निरन्तरता दिन्छ, दिनुपर्छ र दिइएको पनि छ । केही माननीय सदस्यहरुका 'प्रस्तुत नीति कार्यक्रम–उही र उस्तै' भन्ने टिप्पणीलाई यसै सन्दर्भमा बुझिदिन आग्रह गर्दछु । फेरि, एउटा सरकारको ठाउँमा अर्को सरकार निर्माण हुनु, अघिल्लो समीकरणलाई नयाँ समीकरणले विस्थापित गर्नु भनेको राजनीति र नीति–कार्यक्रमको 'कोर्स करेक्सन' वा परिवर्तन पनि हो । फेरिएको 'कोर्स' बमोजिम हटाइएका नीति वा कार्यक्रम हेरी माननीयहरुद्वारा सोधिने 'पहिलेको खै त?' भन्ने प्रश्नलाई पनि यसै सन्दर्भमा लिन अनुरोध गर्दछु । नीतिले थोरै शब्दमा धेरै कुरा बोल्ने गर्छ । त्यसैले 'नयाँ के छ ?' भन्ने सन्त्रभमा नीति कार्यक्रममा प्रस्तुत केही पक्षमा सङ्क्षिप्त चर्चा गर्ने अनुमति चाहन्छु।

गत वर्ष साउन ६ गते यस सम्मानित सदनमा संबोधन गर्ने क्रममा मैले 'जहिल्यै काम भइरहेको झैं हुने तर कहिल्यै नसकिने' हाम्रो विकास निर्माणको कामका तरिकाप्रति 'ओर्क इन प्रोग्रेस !' भन्दै टिप्पणी गरेको थिएँ । हामीसँग रहेको सीमित स्रोत र विकासमा हामीले मार्नुपरेको तीव्र फड्कोको बीचमा रहेका बिरोधाभाषलाई उल्लेख गरेको थिएँ। विकास–निर्माणको हाम्रो यस्तो ढाँचा, सुस्त गति र 'ओर्क इन प्रोग्रेस' संस्कृति परिवर्तन नगरी अघि बढ्न नसकिने उल्लेख गरेको थिएँ । आफूसँग भएको सीमित स्रोत कहाँ लगानी गर्ने र त्यसबाट कस्तो परिणाम हासिल गर्ने भन्ने कुरामा हामी स्पष्ट हुनुपर्ने उल्लेख गरेको थिएँ । त्यसैले प्रस्तुत नीति–कार्यक्रममा विकास निर्माणका क्रममा देखापरेका कमी कमजोरीलाई सुधार गर्न विकासको ढाँचा, गति र संस्कृति फेर्ने प्रस्ताव नयाँ हो । यसलाई व्यवहारमा अवलम्बन गर्ने प्रतिवद्धता पनि नयाँ हो।

'जे आउँछ मजाले पचाउँछ' भनेझैं जे छ, त्यसैमा रम्ने हैन, काम लाग्ने जे छ, त्यसलाई सकेसम्म निरन्तरता दिने, जे असान्दर्भिक छ, त्यसलाई त्याग्ने नीतिमा हामी जानुपर्छ । त्यसैले, विगतमा विभिन्न सरकारद्वारा घोषणा गरिएका पूर्वाधार क्षेत्रका सबै परियोजनाको पुनः प्राथमिकीकरण गर्ने प्रस्ताव गरिएको हो।

थालेको काम सक्ने घोषित नीतिअन्तर्गत राष्ट्रिय गौरवका आयोजनाहरुको पुनरावलोकन गर्ने, चालु परियोजनाहरुलाई 'आर्थिक वर्ष २०८२–८३ मा सम्पन्न हुने र प्रतिनिधिसभाको यस अवधिभित्र सम्पन्न हुने' गरी वर्गीकरण गरी निर्धारण गरिएको समयतालिकामा सम्पन्न गर्ने नीति नयाँ हो । निर्माणाधीन तथा निर्माण गर्नुपर्ने सबै परियोजनाका लागि आवश्यक स्रोतको आँकलन गरी सम्पन्न गर्न नसकिने परियोजना स्थगन गर्ने र त्रुटिपूर्ण परियोजना खारेज समेत गर्ने नीति नयाँ हो।

पूर्वाधार विकासका नयाँ परियोजना बनाउँदा 'सम्भाव्यता, जोखिम र प्रतिफल'को लेखाजोखा जस्ता 'स्टेक होल्डर'को चासो र पूँजीको प्रतिवद्धता व्यक्त गर्नुअघि 'नगद प्रवाह, जोखिम न्यूनीकरण, र कानुनी सुरक्षा' जस्ता लगानीकर्ता र ऋणदाताको चासो समेटिएको 'बिजनेस प्लान' विकास गर्नुपर्ने नीति नयाँ हो । 'स्टार्टअप' होस् वा 'आन्टरप्रीनरशीप' कुनै पनि फिल्डमा उद्यमशीलता सुरु गर्दा– 'व्यवसाय शुरू गरेदेखि बजारसम्मको चक्र' अर्थात्, 'व्यवसायको इकोसिस्टम' ख्याल गर्नुपर्ने नीति नयाँ हो।

उदाहरणका लागि प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रमको पुनर्संरचना गरी व्यवसायमा आउनेलाई भूमि बैंक–वित्त, उपकरण तथा अन्य 'इनपुट' का रुपमा बाली बीमाको व्यवस्थापन, त्यसको समर्थन मूल्य, कृषि उपजको अग्रिम खरीद सम्झौता, बजार व्यवस्थापन र भण्डारणको चक्र निर्माण गर्ने नीति अघि सारिएको छ । मल, विद्युत र अन्य पूँजीगत अनुदानको पुनः व्यवस्थापन गरी स्रोतको अपव्यय हुनेबाट रोक्ने नीति नयाँ हो भन्ने माननीयहरुलाई स्पष्ट पार्न चाहन्छु।

आर्थिक वृद्धिको प्रमुख संवाहकका रूपमा विकास गर्ने क्षेत्र कुन हो भन्नेमा नीति कार्यक्रममा 'अन्यौल' छैन । 'कृषि तथा वन, सूचना तथा प्रविधि, पर्यटन, ऊर्जा, उद्योग र भौतिक पूर्वाधार'लाई मुख्य क्षेत्र तोकिएको छ । स्टार्टअपका कार्यक्रमको फोकस–विधाको हिसावले जुनसुकै हुनसक्ने र पुस्ताको हिसावले आजको तन्नेरी पुस्ता–'जेन–जी' पुस्तामा केन्द्रित हुने नीति अघि सारिएको छ।

सरकारका निकायहरूबाट सञ्चालित कार्यक्रमहरू उद्यमशीलताको विकास, उत्पादन, उत्पादकत्व र रोजगारी सिर्जनामा केन्द्रित गर्ने र तीन तहका सरकारहरू बीचको सहयोग, समन्वय र सहकार्यमा कृषिको व्यावसायीकरण र पूर्वाधार निर्माण गर्ने नीति प्रस्ताव गरिएको छ । स्थानीय तहदेखि केन्द्रसम्म सरकारी सेवामा 'इन्टर्न'लाई प्रयोग गर्ने, स्नातक तहभन्दा माथिका विद्यार्थीहरुलाई विभिन्न अनुसन्धान संस्थामा आबद्ध गर्ने, हप्तामा बढीमा २० घण्टा कामको न्युनतम ज्याला निश्चित गरी 'कमाउँदै–पढ्दै'को नीति लागू गर्ने, सरकारी सेवामा 'इन्टर्न'को प्रयोग, यो नीति नयाँ हो । 'कमाउँदै–पढ्दै' नारामा नयाँ हैन, ठोस योजनाको सन्दर्भमा यो पनि नयाँ हो।

राष्ट्रिय शैक्षिक सुधार कार्यक्रमको नयाँ मार्गचित्र तयार गर्ने र शिक्षालाई सर्वसुलभ, गुणस्तरीय र जीवन उपयोगी बनाउने नीति अघि सारिएको छ । विद्यमान शिक्षा पद्दतिलाई आधुनिक, विज्ञान–प्रविधिमैत्री र अनुसन्धान–अन्वेषण लक्षित बनाइनेछ । विद्यालय शिक्षामा ग्रेडिङ प्रणाली लागू गरी सुधार गर्ने नीति नयाँ हो।

लो–गे्रडिङलाई रोजगारी–मैत्री प्राविधिक–व्यावसायिक शिक्षातर्फ र उच्च ग्रेडिङलाई उच्चशिक्षा तर्फ अग्रसर गराउने प्रस्तावित नीतिले शिक्षालाई उद्यमशीलतामैत्री बनाउनेछ । श्रमक्षेत्रमा रहेको सीपयुक्त श्रमशक्तिको अभाव र सीपहीन श्रमशक्ति जगेडा रहने अवस्थाको अन्त्य गर्ने छ । यसका लागि हालको पाठ्यक्रम, सिकाइ र अध्यापन विधिमा व्यापक सुधार गरिनेछ । शिक्षक बैंक स्थापना, 'थिङ्क ट्याङ्क' संस्थाहरुको समन्वय तथा सञ्चालन र उद्यमशीलताको माध्यमद्वारा आन्तरिक रोजगारी सिर्जना गरी आयआर्जनका अवसर वृद्धि गर्ने नीति निःसन्देह नयाँ हो।

विकास कार्यक्रममा सङ्घ, प्रदेश र स्थानीय तहबीच दोहोरोपन हटाउन एकीकृत परियोजना बैंक प्रणाली लागू गर्ने प्रस्तावित नीति नयाँ हो । यसबाट संविधानमा उल्लेखित सङ्घ, प्रदेश र स्थानीय तहका साझा अधिकार सूचीका विकास कार्यक्रमहरू समन्वयात्मक रुपमा कार्यान्वयन गर्ने वातावरण बन्छ।

जनसंख्या, भूगोल र रोगको भारको आधारमा नयाँ स्वास्थ्य प्रणालीको प्रस्तावले स्वास्थ्य सेवालाई सुलभ र पहुँचयोग्य तुल्याउने छ । यसले स्वास्थ्य पूर्वाधार विस्तारसँगै सेवाप्रदायक अस्पताल–चिकित्सक, स्वास्थ्य जनशक्ति, उपकरण र सेवाग्राहीबीच रहेको असन्तुलन हटाउने छ।

सबै सार्वजनिक अस्पताललाई एकीकृत अनलाइन सेवामा आबद्ध गर्ने, स्वास्थ्यसम्बन्धी सबै सहायता र सहुलियतका कार्यक्रमहरूलाई एकीकृत स्वास्थ्य बिमा प्रणालीमा आबद्ध गर्ने नीतिले पुनसंरचना गरिने स्वास्थ्य बीमा कार्यक्रमलाई दिगो बनाउने छ।

फजुल खर्च रोक्न अनावश्यक संरचना खारेज गर्ने, गाभ्ने र हस्तान्तरण गर्ने नीति प्रस्ताव गरिएको छ । सार्वजनिक सेवालाई प्रभावकारी बनाउन 'फेसलेस सेवा'को प्रक्रियालाई विस्तार गर्न नागरिक एपलाई सेवा प्रदान गर्ने मुख्य डिजिटल उपकरणका रूपमा विकास गर्ने र सम्भव भएसम्मका सबै सेवा अनलाइन गर्ने नीति नयाँ नै हो।

यसपटकको नीति तथा कार्यक्रम, उच्चस्तरीय आर्थिक सुधार–सुझाव आयोगको प्रतिवेदनसहित एक दर्जन प्रतिवेदनहरुका आधारमा तयार पारिएको छ । प्रतिवेदन आफैँमा महत्वपूर्ण छन्, तिनको कार्यान्वयनले सुशासनमा महत्वपूर्ण भूमिका खेल्नेछन् भन्ने मैले विश्वास लिएको छु । हाम्रा नीतिहरु कार्यान्वयनका लागि निम्न ऐनहरु अत्यावश्यक छन्, म यस सम्मानित सदनसँग विचाराधीन विधेययकहरु शीघ्र पारित गर्न पनि विनम्र अनुरोध गर्न चाहन्छु।

*वैकल्पिक विकास वित्त परिचालनसम्बन्धी विधेयक*

*सङ्घीय निजामती सेवासम्बन्धी विधेयक*

*नेपाल प्रहरीसम्बन्धी र सशस्त्र प्रहरी वल नेपालसम्बन्धी कानुनलाई संशोधन तथा एकीकरण गर्न बनेका विधेयक*

*विद्यालय शिक्षा विधेयक*

नेपाल हवाई सेवा प्राधिकरणको स्थापना र व्यवस्था गर्न बनेको विधेयक नेपाल नागरिक उड्डयन प्राधिकरणसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक सरकारले राष्ट्रिय स्वाधीनता, सार्वभौमसत्ता तथा भौगोलिक अखण्डता र नेपाल राष्ट्र तथा नेपाली जनताको सर्वोपरि हितलाई केन्द्रमा राखी सुदृढ र सन्तुलित अन्तरराष्ट्रिय सम्बन्ध विकास गर्नेछ।

माननीयज्यूहरूले नीति तथा कार्यक्रमका केही विषयहरूमा सुझाव र संशोधन प्रस्ताव राख्नुभएको छ । कतिपय पक्षमा अस्पष्टता रहेको, कतिपय विषय दोहोरिएको तथा कतिपय विषय नसमेटिएको भनेर व्यक्त धारणालाई मेरा प्रस्तुतिले स्पष्ट पार्ने अपेक्षा गरेको छु । छलफलका क्रममा उठाइएका विषयहरू र प्रस्तुत गरिएका संशोधन प्रस्तावप्रति सरकारको ध्यानाकर्षण भएको छ । प्रस्तुत आव २०८२–८३ को नीति र कार्यक्रमको कार्यान्वयनमा माननीयज्यूहरूबाट प्राप्त सुझावहरूले सरकारलाई आफ्नो गन्तव्यमा हिँड्न थप सहयोग पुग्ने पनि विश्वास लिएको छु।

माननीय सदस्यहरूले उठाउनुभएका विषयहरूलाई उपलब्ध स्रोतसाधनलाई ध्यानमा राखी सरकारले प्राथमिकीकरण गर्दै आगामी दिनमा क्रमशः सम्बोधन गर्दै जाने नै छ । माननीयज्यूहरूलाई सबै क्षेत्र समेट्नेगरी सबै विषयवस्तुहरू नीति तथा कार्यक्रममा आइदिएहुन्थ्यो जस्तो लाग्नु स्वाभाविक हो। यस पटकको नीति र कार्यक्रममा सबै क्षेत्रलाई समेटिएको त छ नै । त्यसमा पनि युवालाई स्टार्टअपमार्फत उद्यमशील बनाउने, रोजगारीका अवसर सिर्जना गर्ने, विद्यार्थीलाई पढाइसँगसँगै सरकारी सेवाको इन्टर्नसिपमा प्रवेशको ढोका खोल्ने नीति पनि लिइएको पक्ष पुनःदोह¥याउन चाहन्छु । 'जेन–जी' पुस्ताका लागि विशेष स्थान र भूमिका दिएर ल्याइएको नीति तथा कार्यक्रम भएकाले यहाँहरुले यसको आकार र भाषामा परम्परा तोडिएको पाउनुहुनेछ।

यसले सामाजिक सञ्जालका 'फेक एकाउन्ट'हरुमा अल्मलिएका युवालाई पनि आफ्नो भविष्य निर्माणमा नयाँ जाँगर र ऊर्जा पैदा गर्न बाटो खोल्नेछ भन्ने अपेक्षा राखेको छु । नीति तथा कार्यक्रमले सङ्क्षिप्त र साङ्केतिक रूपमा सबै क्षेत्रलाई समेटको छ। माननीयज्यूहरूले उठाएका विषयहरू विस्तृत रूपमा बजेटमा आउने नै छन् । त्यसैले बजेट वक्तव्यमा समावेश हुने प्रकृतिका कार्यक्रमहरू यसमा उल्लेख गरिएका छैनन्।

सहकारीको विद्यमान समस्या समाधान गर्ने सम्बन्धमा पनि नीति तथा कार्यक्रम प्रष्ट छ । सहकारी नीतिको पुनरावलोकन गरी नयाँ राष्ट्रिय नीति जारी गरिने र राष्ट्रिय सहकारी नियमन प्राधिकरणमार्फत सहकारी क्षेत्रका समस्याहरू समाधान गरिने विषय उल्लेख भएको छ । समस्याग्रस्त सहकारीका साना बचतकर्तालाई तत्काल राहत उपलब्ध गराउन सहकारी नियमन प्राधिकरणमार्फत् कोष स्थापना गरिने विषय पनि नीति तथा कार्यक्रममा समेटिएका छन्।

वनलाई रोजगारी, उत्पादन, राष्ट्रिय पुँजी निर्माणको स्रोत बनाउने सम्बन्धमा सामुदायिक वनको व्यवस्थापन सुदृढ गर्दै वन आधारित स्रोतको उचित उपयोग गरिने, राष्ट्रिय निकुञ्ज तथा संरक्षित वन क्षेत्रको वातावरणीय सुरक्षा सुनिश्चित गर्दै राष्ट्रिय प्राथमिकताका आयोजना सञ्चालन, एकीकृत जलाधार व्यवस्थापनलगायतका वन व्यवस्थापन सम्बन्धी कार्यक्रमहरुलाई नीति तथा कार्यक्रमले समेटेकै छ।

जलवायु परिवर्तन सम्बन्धमा माननीयज्यूहरूले उठाउनुभएका सन्दर्भममा सगरमाथा संवादमार्फत सम्बोधन गरिने विषय नीति तथा कार्यक्रममा उल्लेख भएकै छ । नेपालको वन, जलस्रोत र हिमालहरूले विश्व तापमानलाई सन्तुलित बनाउन योगदान गरिरहेको छ।

विश्वमा कार्बन उत्सर्जनका कारणबाट हिमाल जोखिममा परी महाविपद् सृजना हुने स्थितिको न्यूनीकरणका लागि निरन्तर सचेत गराउनु आवश्यक छ । नेपालले कार्बन उत्सर्जन गर्ने मुलुकबाट उचित क्षतिपूर्ति, जलवायु वित्त र हरित वित्त प्राप्तिका लागि संवाद, बहस र पैरवी गर्ने छ । माउण्टेन इकोनोमीमा आधारित सगरमाथा संवादको अन्तरराष्ट्रीयकरण गरिनेछ । भौतिक पूर्वाधार र पर्यटनको क्षेत्रमा परिणाम दिने कार्यक्रमका विषय यस नीति तथा कार्यक्रममा समेटिएका छन्।

त्यसैगरी उच्च तथा दिगो आर्थिक वृद्धिका लागि भौतिक पूर्वाधारका क्षेत्रमा सार्वजनिक तथा निजी लगानीलाई प्रवद्र्धन गरिने र शुरूङमार्ग, द्रुतमार्ग र ओभर पासजस्ता आधुनिक प्रविधियुक्त पूर्वाधार निर्माणमा जोड दिइने विषय पनि उल्लेख भएकै छ।

यस सरकारले तीव्र सडक विस्तारः विकास पूर्वाधारको आधार नीति लागू गरी सडक पूर्वाधारमा एसियन मापदण्डस्तरको राष्ट्रिय राजमार्ग निर्माण, लोकमार्ग निर्माण, सडक लेन विस्तार, सुरुङमार्ग निर्माणलगायत पूर्वाधार निर्माणमा आफूलाई केन्द्रित गरेको छ । थालनी भएका विकास आयोजना वर्षौंसम्म नसकिने विकृत स्थिति रहनुहुँदैन। यसमा छुट कसैलाई छैन । यस सरकारले आयोजनामा स्रोत सुनिश्चितता, जग्गा अधिग्रहण, रुख कटान, अवरोध, मुआब्जा, कानुनी मुद्दाजस्ता सबालमा अग्रसरता लिई विकासको गति र संस्कृति परिष्कृत गर्दै परिमार्जन गरेको छ।

यसअघि मेरो नेतृत्वको सरकारले देशैभर एक निर्वाचन क्षेत्र एक रणनीतिक सडक, प्रत्येक स्थानीय तहमा सुविधासम्पन्न अस्पताल निर्माण, उत्तर दक्षिण 'कनेक्टिभिटि'का लागि सडक विस्तार, नदी किनारमा उत्तर–दक्षिण लोकमार्गका आयोजनाहरु सुरु गरेको थियो । आज मदन भण्डारी राजमार्ग, हुलाकी राजमार्ग र मध्यपहाडी लोकमार्ग निर्माणमा अभूतपूर्व काम भएका छन् । बिरोधका स्वरबीच पनि मुलुक सुरुङ मार्गको युगमा प्रवेश गरेको छ । म सरकारमा आउँदा नारायणगढ–बुटवल सडक नबन्ने र ठेक्का तोड्नुपर्ने अवस्थामा पुगेको थियो । निर्माण ठप्प थियो । आज सो सडकको पूर्वी र पश्चिमी दवै खण्डमा यसै समयमा ६२ प्रतिशतभन्दा बढी काम भइसकेको छ । ४१ वटा सामान्य पुल र सात वटा मुख्य पुलहरूको निर्माण भएका छन् । दाउन्ने खण्डमा वर्षा अगाडि नै नियमित आवतजावत हुनेगरी तीव्र गतिमा काम भइरहेको छ । हाल सो खण्डमा नागरिकले यात्रामा सास्ती भोग्नुपरेको छ । पक्कै पनि यो सास्ती धैरै दिनको हुनेछैन, केही समयको धैर्यका लागि सबैसँग अपिल गर्दछु । लामो समयसम्म अन्यौलमा रहेको बुटवल–गोरुसिङ्गे–चन्द्रौटा सडक निर्माणको ठेक्का सम्झौता भइसकेको छ।

सरकारको नीति तथा कार्यक्रममाथि छलफल चलिरहेका बेला म किन यी सडकका नाम लिइरहेको छु ? किनभने हामीले नीति बनाउँदा तोकिएका समयमा विकास आयोजनाहरु सक्नेगरी बनाउनु पर्छ। र, यस वर्ष त्यसतर्फ हामीले ध्यान दिएको कुरा माथि पनि चर्चा गरिएको छ । माननीयज्यूहरूले रोजगारीका सम्बन्धमा उठाउनुभएको विषयमा मेरो ध्यानाकर्षण भएको छ । यस नीति तथा कार्यक्रमले देशभित्रै उद्यमशीलता विकास गरी रोजगारी सिर्जना गर्नेछ । माननीयज्यूहरुले विद्यालय क्षेत्र सुधारका सम्बन्धमा उठाउनुभएको विषयमा मैले माथि नै पर्याप्त चर्चा गरेको छु। मैले औपचारिक फोरम र अनौपचारिक ठाउँमा पनि समृद्धि र सुखका आधारहरूका विषयमा बेलाबेला भन्दै आएको छु । पछाडि परेका वर्ग, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, जसले आफूलाई तल परेको ठान्छ, उनीहरुको जीवनस्तरबाट समृद्धिको मापन गरिनुपर्छ, माथि रहेका, अवसरको उपभोग गरिरहेका वर्गलाई आधार बनाएर होइन । सरकारको नीति कार्यक्रमले त्यसलाई अङ्गालेको छ।

प्रस्तुत नीति तथा कार्यक्रममाथि माननीयज्यूहरूबाट प्राप्त संशोधन प्रस्तावहरूलाई मननयोग्य सुझावका रुपमा ग्रहण गर्दै धन्यवाद दिन चाहन्छु । ती सुझावहरुलाई आगामी जेठ १५ गते यस सम्मानित संसद्मा प्रस्तुत गरिने वार्षिक बजेट वक्तव्यमा समेट्ने विश्वास समेत दिलाउन चाहन्छु।

# सहमतिका आधारमा संविधान संशोधनको प्रक्रिया थालिने



**काठमाडौँ ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले सहमतिका आधारमा संविधान संशोधनको प्रक्रिया अघि बढाउन सरकार प्रतिबद्ध रहेको बताएका छन । प्रतिनिधिसभाको आईतवारको बैठकमा सरकार गठनका बेला संविधानको समीक्षा गर्ने प्रतिबद्धता, त्यसका सबल पक्षलाई सुदृढ गर्दै कार्यान्वयनका क्रममा देखिएका कमीकमजोरी सच्च्याउने प्राथमिकताको स्मरण गर्दै उनले संविधान संशोधनको प्रतिबद्धता व्यक्त गरेका हुन ।सरकारका नीति तथा कार्यक्रमसम्बन्धी छलफलमा उठेका प्रश्नको जवाफ दिँदै प्रधानमन्त्री ओलीले दलहरुबीचको स्वस्थ प्रतिस्पर्धा, आपसी संवाद, सहकार्य र सहअस्तित्वको नीतिमा राजनीतिक स्थायित्वलाई निरन्तरता दिँदै नीतिगत स्थिरता सुनिश्चित गर्ने प्रयास जारी रहने पनि स्पष्ट गरे ।

'संविधानको रक्षा र सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको सुदृढीकरण गर्ने प्रतिबद्धता छ । यसविरुद्ध हुने कुनै पनि प्रकृतिका प्रतिगामी–पुनरुत्थानवादी अराजक गतिविधिको प्रतिवाद गर्ने दृढता व्यक्त गरिएको छ', प्रधानमन्त्रीले भने, 'म विश्वास गर्छु । जनताको बलिदान खेर जान नदिने, प्राप्त उपलब्धिको रक्षा एवं प्रवद्र्धन गर्ने प्रस्तुत नीतिमा यस सम्मानित सदन एक हुनेछ ।'

# योजनाको प्राथमिकीकरण होइन, समस्याको प्राथमिकीकरण गर्नुपर्छः जगतबहादुर पार्की

**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का नेता तथा राष्ट्रियसभाका सांसद जगतबहादुर पार्कीले सरकारले ल्याएको आर्थिक वर्ष २०८२÷८३ को नीति तथा कार्यक्रममा दलित समुदायका समस्या सम्बोधन नभएको गुनासो गरेका छन । उनले भने,' नीति तथा कार्यक्रममा दलित, मधेसी समुदाय, थारू र मुस्लिमलगायत पिछडिएका क्षेत्रहरू सुदुरपश्चिम र कर्णालीलाई अग्र स्थान दिएको छैन ।' सुदुरपश्चिम प्रदेशबाट राष्ट्रियसभामा प्रतिनिधित्वि गर्नुभएका सांसद पार्कीसँग राससका समाचारदाता सुशील दर्नालले गर्नुभएको कुराकानीको सम्पादित अंशः

संविधान जारी भएको एक दशक हुन लाग्यो । तर दलित समुदायबारे संविधानको धारा २४ र ४० अहिलेसम्म प्रभावकारी कार्यान्वयन हुनसकेको छैन । दलित समुदायको उत्थानका विषयमा राज्यको ध्यान नपुगेको पक्कै होइन होला । नीति कार्यक्रममा दलितको विषयलाई प्राथमिताका साथ सम्बोधन गर्नुपर्ने हो, तर गरेको छैन । हरेक राजनीतिक परिवर्तनका लागि भएका आन्दोलनमा दलित समुदायको योगदान र सहभागीता उच्च छ । तर उनीहरूको सवाललाई सरकारले नीति निर्माण र बजेटमा अग्रस्थानमा समावेश गर्न सकेको छैन ।

विदेशमा गएका युवालाई स्वदेश फर्काउन नीति तथा कार्यक्रमले प्रोत्साहन गर्नुपर्दथ्यो । नीति तथा कार्यक्रम माथि सांसदहरूले राखेका धारणालाई समेटेर पुनःलेखन गर्नुपर्छ । यसैले सरकारले संसद् र सांसदलाई विश्वास गर्नुपर्छ । नीति तथा कार्यक्रममा 'योजनाको प्राथमिकीकरण गर्ने' भनी उल्लेख गरिएको छ । सरकारले योजनाको प्राथमिकीकरण होइन, समस्याको प्राथमिकीकरण गर्नुपदथ्र्या े । आजको हाम्रो देशको विशिष्ट अवस्थामा देश र जनताको समस्या के हो ? राज्यले लिनुपर्ने नीति के हो ? त्यसका आधारमा नीति तथा कार्यक्रम आउनुपर्ने हो ।

नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्न कुशल व्यवस्थापकको आवश्यकता पर्छ । समग्र समस्यालाई सत्तामा रहेको राजनीतिक नेतृत्वले हल गर्न चाहेको खण्डमा समाधान गर्न सक्छ । नीति तथा कार्यक्रममा देशलाई आत्मनिर्भर बनाउने भनिएको छ । देशलाई आत्मनिर्भर



बनाउन धैरै कुरा गर्नै पर्दैन । यदि राज्यले इमानदारीपूर्वक चाहने होभने धैरै उत्पादन गर्नै पर्दैन । नेपालमा काठ प्रशस्त छ । तर हामीले विदेशबाट काठ आयात गरिरहेका छौँ । नेपालमा भएको काठलाई वन तथा वातावरण मन्त्रालयले राम्रोसँग सदुपयोग गर्ने हो भने विदेशमा निर्यात गर्न सक्छौँ । यो विषयमा पटकपटक मन्त्रालय र संसदीय समितिमा छलफल भएको छ । विज्ञहरूले पनि धारणा राखिरहेका छन् । तर कार्यान्वयन हुँदैन । हामीले आफ्नो काठ विदेशमा निर्यात गरेर डलर भित्र्याउन सक्छौँ । के राज्यले त्यतातिर ध्यान दिएको छ ?

हामीसँग काठ पर्याप्त छ । बिद्युत् वा कृषिमा उत्पादन गर्नुपर्छ । तर काठ हामीले उत्पादन गर्नु पर्दैन । जस्तोः पर्यटक भित्र्याउनका लागि पर्यटकीयस्थलको पूर्वाधारको विकास गर्नुपर्छ ।

तर काठका लागि अहिले बिरुवा लगाउनु पर्दैन । हाम्रो नेपालमा भएको वनजङ्गललाई सही ढङ्गबाट सदुपयोग गर्ने हो भने देश आत्मनिर्भर भन्ने प्रक्रिया सुरु हुन्छ । हाम्रै देशमा उत्पादन गर्न सकिने लसुन र प्याजलगायत सामान्य वस्तु पनि विदेशबाट आयात गर्नुपरेको छ । यदि राज्यले सही नीति तर्जुमा गरेर कार्यान्वयन गर्ने हो भने हामी आत्मनिर्भर हुने सम्भावना छ । नेपाल आफ्नै स्रोतसाधनबाट आत्मनिर्भर बन्ने सम्भावना पर्याप्त छ ।

सरकारले योजना बनाएर कार्यान्वयन गर्ने हो भने हामी कृषिमा एक वर्षभित्रै आत्मनिर्भर बन्न सक्छौँ । सरकारले ल्याएको नीति तथा कार्यक्रमले सबैभन्दा बढी समस्या भएको क्षेत्र, समुदायलाई समेट्नुपर्ने हो । तर समेटिएन । यदि संविधान संशोधन गर्ने हो भने दलित, मेधसी, थारू समुदायको निम्ति हुनुपर्छ ।रासस

# सांसदद्वारा समसामयिक विषयमा सरकारको ध्यानाकर्षण

**काठमाडौँ ।**
प्रतिनिधिसभाको आईतवारको बैठक सांसदहरूले भूमिहीन सुकुम्बासीको समस्या, विपद् व्यवस्थापन, कृषि, सडक पूर्वाधारलगायत समसामयिक विषयमा सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराएका छन । बैठकको शून्य समयमा भाग लिँदै उनिहरूले विद्यमान समस्या समाधान गर्ने किसिमले आगामी आर्थिक वर्षको बजेट आउनुपर्ने सुझाव दिए ।

सांसद अच्युतप्रसाद मैनालीले अहिले पनि लाखौँ भूमिहीन सुकुम्बासी रहेका बताउँदै उनीहरूको समस्या समाधानका लागि सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराए । सांसद अञ्जनी श्रेष्ठले चिकित्सा अध्ययनलाई सुलभ र व्यवस्थित बनाउन सरकारसमक्ष माग गरिन ।

सांसद अनिशा नेपालीले जनतासँग प्रत्यक्ष सरोकार भएका सहरी विकास, ऊर्जा, खानेपानीलगायत विषयलाई समेटेर आगामी आवको बजेट विनियोजना हुनुपर्नेमा जोड दिईन । सांसद अब्दुल खानले वैदेशिक रोजगारीका लागि जाने श्रमिकको श्रम स्वीकृति र राहदानी वितरणलाई सहज बनाउन सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराए ।

सांसद अमरबहादुर रायमाझीले उदयपुरका विभिन्न स्थानका जीर्ण सडकको मर्मत र विस्तारका लागि बजेट व्यवस्थापन गर्न सरकार समक्ष माग गरे । सांसद डा अमरेशकुमार सिंहले बागमती नदीको हुलाकी पुल १५ वर्षसम्म पनि सम्पन्न नभएको भन्दै यथाशीघ्र निर्माणका लागि सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराए । सांसद अर्जुननरसिंह केसीले दक्षिण एसियाको क्षेत्रीय शान्ति र स्थिरताका लागि आतङ्कवादविरुद्ध लाग्नु सबैको दायित्व भएको बताए ।

सांसद आश्माकुमारी चौधरीले सरकारको नीति तथा कार्यक्रममा उद्यमशीलता, रोजगारी उत्पादन, कृषिको व्यावसायिकीकरणलगायत विषय स्वागतयोग्य रहेका भन्दै निर्वाहमुखी कृषिलाई आधुनिकीकरण गर्ने, कृषि उपजमा देशलाई आत्मनिर्भर बनाउनेलगायत किसानको पहुँचमा हुनेगरी बजेट विनियोजना गर्न सरकारसमक्ष माग गरिन ।

सांसद असिम शाहले विद्युतीय सवारीसाधनको प्रवद्र्धन र प्रोत्साहन गरी विदेशी मुद्रा हासिल गर्नेतर्फ आवश्यक नीतिगत सुधार, पूर्वाधार विकास गर्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराए ।

सांसद उर्मिला माझीले सबैको साझा शत्रु गरिबी, अशिक्षा र बेरोजगारी हो भन्दै शिक्षा, स्वास्थ्य र रोजगारीमा सबै नेपालीको पहुँच वृद्धि गर्न सरकार समक्ष माग गरिन ।

सांसद ऋषिकेश पोखरेलले मोरङ्का उत्तर–दक्षिण बग्ने विभिन्न आठ खोला अघिल्लो वर्षको बाढीले कटान गरेर हालसम्म तटबन्ध बन्न नसकेका भन्दै वर्षायाम सुरु हुन लागेकाले खोलाको तटबन्दनका लागि बजेट विनियोजन गर्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराए ।

सांसद एकना ढकालले त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको व्यवस्थापकीय सुधार गर्दै अध्यागमनलाई प्रभावकारी बनाउन, यात्रुमैत्री सेवा, सुरक्षित र सफा बनाउन सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराए ।

सांसद कालुराम राईले झापा र इलामको बीचमा पर्ने चुरिया पर्वतको नदीमा नयाँ प्रजातिको कछुवा फेला पारेको जनाउँदै यसलाई राष्ट्रिय चुरे संरक्षण आयोजनाको एकीकृत जलाधार व्यवस्थापनभित्र विशेष प्राथमिकतामा राख्न सरकारसमक्ष माग गरे ।

सांसद किरणकुमार साहले जलवायु परिवर्तन प्रभाव र पूर्वाधारको कमजोरीले प्राकृतिक विपद्जन्य घटना बेहोर्नु परिरहेको भन्दै विपद् जोखिम न्यूनीकरणलाई दायित्वसहित विकासको आधारभूत रणनीतिका रूपमा लिनुपर्नेमा जोड दिए । सांसद कुशुमदेवी थापाले बर्दियाको राजापुरमा उत्पादित धानलाई कर्णालीका विभिन्न क्षेत्रमा विस्तार तथा कृषि उत्पादन वृद्धि गर्ने किसिमले बजेट विनियोजना गर्न माग गरिन ।

सांसद गणेश पराजुलीले साना तथा मझौला उद्यमी व्यवसायीको उधारो कारोबारले समाजमा विभिन्न घटना घट्नसक्ने भन्दै उधारो कारोबारको रकम असूलीसम्बन्धी कानुन बनाउन माग गरे । सांसद गङ्गा कार्कीले अदालतको परमादेश अनुसार सङ्घसंस्था दर्ता र नवीकरणको काम अगाडि बढाउन सभामुखमार्फत सम्बन्धित मन्त्रालयको ध्यानाकर्षण गराए ।

सांसद चन्दा कार्की (भण्डारी) ले स्वास्थ्य नीतिको प्रभावकारी कार्यान्वयन गर्न सरकारसमक्ष माग गरिन । सांसद चन्द्रबहादुर विश्वकर्माले भारत र चीनको सिमाना जोड्ने कर्णाली करिडोर र भेरी करिडोर खण्ड अझै विस्तार हुन नसकेको भन्दै आगामी बजेटमा उचित व्यवस्था गर्न सरकारसमक्ष माग गरिन ।

सांसद चित्रबहादुर केसीले बागलुङको कालीगण्डकीमा बालुवा दोहन बढिरहेको भन्दै बालुवा, गिटी उत्खनन रोक्न सभामुखमार्फत सम्बन्धित निकायको ध्यानाकर्षण गराए । सांसद ज्वालाकुमारी शाहले न्याय र सुशासन कायम गर्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराए ।रासस

# विदेशमा अलपत्र परेका नेपालीको उद्धार गर्न माग

**काठमाडौँ**
२८ वैशाखः प्रतिनिधिसभाको आइतवारको बैठकमा सांसदहरूले वैदेशिक रोजगारीमा अलपत्र परेका नेपालीको तत्काल उद्धार गर्न माग गरेका छन ।

बैठकको आकस्मिक समयमा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का सांसद ज्ञानबहादुर शाहीले साउदी अरेबियाको जुबेलमा चार सय ६९ नेपाली बन्धक बनाइएको भन्दै उनीहरूको तत्काल उद्धारका लागि सरकारसँग माग गरे । उनले विदेशी भूमिमा बन्धक बनाइएका नेपालीको उद्धारका लागि परराष्ट्र मन्त्रालय र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको ध्यानार्कषण गराए ।

वैदेशिक रोजगारीमा जाने नेपालीहरू निरन्तर ठगीमा परिरहेकातर्फ सचेत गराउँदै विदेशी मुलुकमा समस्यामा रहेका नेपालीको समयमा उद्धार गर्न माग गरे ।

नेपाली कांग्रेसकी सांसद रमा कोइराला पौडेलले श्रमिकको हकहितको संरक्षण गर्दै समग्र श्रम क्षेत्रको व्यवस्थापनका लागि त्रिपक्षीय श्रम आयोग स्थापनाको माग गरे । सरकार, रोजगारदाता, श्रमिकको प्रतिनिधित्वसहित आयोगको व्यवस्था गर्दै वैदेशिक रोजगारीमा देखिएका समस्या समाधान गर्न सकिने उनले धारणा राखे । उनले जुम्लाको गुठीचौरमा अवरुद्ध विद्युत् आपूर्ति नहुँदा स्थानीयले भोग्नु परेको सास्तीतर्फ सरकारको ध्यानार्कषण गराए ।

नेपाली कांगेसका सांसद रामकृष्ण यादवले धनुषा जिल्लास्थित कमला नगरपालिका–५ मा आगलागीबाट पीडित परिवारलाई तत्काल राहत उपलब्ध गराउन र पीडितको पुनःस्थापनाका लागि माग गरे । रासस

# भक्तपुर क्यान्सर अस्पतालमा बालचिकित्सा सघन एकाइ सञ्चालन

**काठमाडौँ ।**
स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले भक्तपुर क्यान्सर अस्पताललाई उपचारमा नमुना बनाउँदै विदेश उपचार गर्न जानेको सङ्ख्या घटाउने लक्ष्यसहित बालचिकित्सा सघन एकाइ सुरुआत गरिएको बताएका छन ।

भक्तपुर क्यान्सर अस्पतालमा क्यान्सरपीडित बालबालिकाको विशेष उपचारका लागि बालचिकित्सा सघन एकाइको आईतवार उद्घाटन गर्दै उनले भारतलगायत विदेशमा उपचारका लागि जानेको सङ्ख्या घटाउन अस्पतालका सुविधा विस्तार गर्दै लगिएको बताए । उनले स्वदेशमा सहज सेवा पाउने वातावरण तयार गरिने प्रतिबद्धता जनाए ।

मन्त्री पौडेलले यसअघि बाल क्यान्सर उपचार निःशुल्क कार्यान्वयन गर्ने निर्णय गरेपछि वैशाखभरि सघन एकाइ सञ्चालनको तयारी गरिएको थियो । सोही निर्णय कार्यान्वयन गर्दै बालबालिकाको उपचारका



लागि बालचिकित्सा सघन एकाइको सुरुआत गरिएको मन्त्रालयले जनाएको छ ।मन्त्री पौडेलले बाल क्यान्सर उपचार निःशुल्क गराउँदा राज्यलाई थप भार नपर्ने गरी आन्तरिक स्रोतबाट व्यवस्थापन गरिएको जनाउँदै सकेसम्म थप दायित्व नपर्ने गरी विभिन्न किसिमका उपचार सेवा सुधार र विस्तार गर्दै जाने उल्लेख गरे । 'हामीसँग आर्थिक अभाव छ, यसलाई मध्यनजर गर्दै अधिकतम स्रोतको उपयोग गरेर नागरिकलाई सहज र सर्वसुलभ सेवा प्रदान गरिरहेका छौँ', उनले भने ।

आफूले गरेको पहिलो निर्णय क्यान्सर नियन्त्रण रणनीति स्वीकृत रहेको जनाउँदै स्वास्थ्यमन्त्रीले क्यान्सर उपचारलाई सहज, पहुँचयोग्य र सुलभ बनाउन यथासम्भव काम गरिने बताए । आगामी आर्थिक वर्षमा क्यान्सर नियन्त्रणलाई प्राथमिकतामा राखेर बजेट विनियोजन गरिने उनले जानकारी दिए ।

एकाइमा बालबालिकाका लागि आइसीयुका चार, दिवा हेरचाह चार र साधारण शय्या सात रहेका अस्पतालका निमित्त कार्यकारी निर्देशक डा उज्ज्वल चालिसेले जानकारी दिए । अस्पतालमा सेवा विस्तार तथा स्तरोन्नतिका लागि मन्त्री पौडेलले प्राथमिकता दिएर योजना अघि बढाइएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ ।रासस

# दिगो विकासका लक्ष्य पूरा हुनेगरी बजेट व्यवस्था गरिनुपर्ने माग



**काठमाडौँ ।**
प्रतिनिधिसभाको आईतवारको बैठकमा सांसदहरूले दिगो विकासका लक्ष्य पूरा हुनेगरी बजेट व्यवस्था गरिनुपर्नेमा जोड दिएका छन ।

नीति तथा कार्यक्रममाथिको छलफलमा भाग लिँदै सांसद डा नारायण खड्काले दिगो विकासका लक्ष्य पूरा गर्न सात वर्षमा २१ खर्ब रुपैयाँ बजेट आवश्यक पर्ने राष्ट्रिय योजना आयोगले जनाएकाले सोही अनुसार व्यवस्था गरिनुपर्ने माग गरे ।

परराष्ट्र नीति प्रभावकारी कार्यान्वयन गर्ने वातावरण बनाउनुपर्ने भन्दै उनले नीति तथा कार्यक्रममा समावेश भएका योजना सकारात्मक भए पनि कार्यान्वयनमा समस्या आउने गरेकाले अहिलेदेखि प्रभावकारी कार्यान्वयनको वातावरण बनाउनुपर्नेमा जोड दिए ।

सांसद महेश बर्तौलाले अनुसन्धानमा आधारित उच्च शिक्षासम्बन्धी नीति तथा कार्यक्रमले जोड दिएको बताए । 'कमाउँदै पढ्दै' जस्ता कार्यक्रम सकारात्मक रहेका बताउँदै उनले कृषिसम्बन्धी प्रस्तुत गरिएका कार्यक्रमले कृषक र कृषि क्षेत्रमा उल्लेख्य परिवर्तन गर्ने विश्वास व्यक्त गरे ।

सांसद सन्तोष परियारले मात्रात्मकबाट गुणात्मक फड्को मार्ने किसिमले नीति तथा कार्यक्रम नआएको बताए । जनताको मौलिक अधिकार कार्यान्वयन गर्न नीति तथा कार्यक्रम र बजेटले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने भएकाले सोही अनुसार बजेट विनियोजना गर्नुपर्नेमा जोड दिए ।रासस

# विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताको पूर्णपाठ

**काठमाडौँ ।**
उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले संसदमा आगामी आर्थिक वर्ष २०८२/८३ को विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता पेस गर्नुभएको छ ।

विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्दै अर्थमन्त्री पौडेलले संविधान बमोजिमको समावेशी, न्यायपूर्ण र समाजवादउन्मुख अर्थतन्त्र निर्माणको प्रतिबद्धता जनाउनुभएको छ । उहाँले संविधानको मौलिक हक र निर्देशक सिद्धान्तको कार्यान्वयन, वित्तीय अनुशासन, निजी क्षेत्र प्रवर्द्धन, रोजगारी सिर्जना, कृषिको यान्त्रिकीकरण, जलविद्युत् उत्पादन, पर्यटन प्रवर्द्धन, औद्योगिक विकासलगायतका विषयहरु आगामी आर्थिक वर्षको बजेटको प्राथमिकतामा पर्ने बताउनुभयो । त्यस्तै, डिजिटल पूर्वाधार, शिक्षा–स्वास्थ्य सुधार, मानव पुँजी निर्माण, सामाजिक सुरक्षाको सुदृढीकरण, भौतिक पूर्वाधार विस्तार, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन र समावेशी विकासलाई बजेटको प्रमुख प्राथमिकता बनाइएको स्पष्ट पार्नुभएको छ ।

अर्थमन्त्री पौडेलले संसदमा पेस गर्नुभएको विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकताको पूर्णपाठः

प्रतिनिधिसभाका सम्माननीय सभामुख महोदय,
राष्ट्रियसभाका सम्माननीय अध्यक्ष महोदय,

१. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को व्यवस्था बमोजिम आर्थिक वर्ष २०८२÷८३ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्न यस गरिमामय बैठकमा उपस्थित भएको छु ।

२. नेपाली जनताको बलिदानपूर्ण सङ्घर्षबाट राजतन्त्रको अन्त्य भए पश्चात संविधानसभाबाट नेपालको संविधान जारी भएको र सङ्घीय लोकतान्त्रिक गणतन्त्र संस्थागत भएको पनि एक दशक बितेको छ। यस अवधिमा आर्थिक सामाजिक रूपान्तरण र सामाजिक न्यायको क्षेत्रमा महत्त्वपूर्ण उपलब्धि हासिल भएका छन् । सीमित स्रोत साधनको परिचालनबाट विकास, सेवा प्रवाह र जनताको जीवनस्तरमा उल्लेखनीय सुधार भएको छ । अहिले पनि मुलुकलाई राजनीतिक अस्थिरताबाट जोगाउँदै नीतिमा निरन्तरता, अर्थतन्त्रमा गतिशीलता र विकासमा तीव्रता हासिल गर्ने अभिभारा हाम्रो काँधमा छ ।

३. यस परिस्थितिमा विकासको ढाँचा, गति र संस्कृति बदल्न; राष्ट्रिय आवश्यकता अनुरूपको आर्थिक सुधार गर्न; उद्यमशीलता, उत्पादन र रोजगारीका थप अवसर सिर्जना गर्दै मानवीय र भौतिक विकासमा तीव्रता दिन र लोकतान्त्रिक मूल्यमा आधारित समाजवादउन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको आधार तयार गर्न सम्पूर्ण स्रोत, साधन र सामथ्र्य परिचालन गर्नु जरुरी छ ।

सम्माननीय सभामुख महोदय,
सम्माननीय अध्यक्ष महोदय,

नेपालको संविधान र यस सम्मानित सदनबाट पारित भएको नेपाल सरकारको नीति तथा कार्यक्रमको मार्गदर्शनमा आर्थिक वर्ष २०८२÷८३ का लागि विनियोजन विधेयक प्रस्तुत गर्दा देहायका सिद्धान्तलाई आधार बनाउन आवश्यक ठानेको छु ।

४. मौलिक हक तथा राज्यका निर्देशक सिद्धान्तको कार्यान्वयनः
नेपालको संविधानले व्यवस्था गरेको मौलिक हक र निर्देशक सिद्धान्तको कार्यान्वयनमा उच्च महत्व दिइनेछ । लोककल्याणकारी राज्यको अवधारणा अनुरूप समावेशी विकास र सामाजिक न्याय कायम गरिनेछ । विकासको लाभमा आम नागरिकको पहुँच सुनिश्चित गरिनेछ ।

५. समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पुरा गर्न सुदृढ अर्थतन्त्रको निर्माणः
दिगो र तीव्र गतिको विकासका लागि आवश्यक कार्यक्रम तर्जुमा गरिनेछ। सबल अर्थतन्त्र निर्माण गर्न उत्पादनमुखी विकासको ढाँचा अवलम्बन गरिनेछ । उद्यमशीलता र उत्पादकत्व अभिवृद्धि गर्न नवीनतम् प्रविधिको प्रयोगलाई प्रवर्द्धन गरिनेछ। आर्थिक सम्भाव्यताका उदीयमान क्षेत्रलाई प्रोत्साहन गरिनेछ । निजीक्षेत्रमैत्री, प्रतिस्पर्धी र आत्मनिर्भर अर्थतन्त्रको निर्माणमा जोड दिइनेछ । समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा अनुरूप समाजवादउन्मुख अर्थतन्त्रको आधारशीला तयार गरिनेछ ।

६. विकासमा समन्वय र सहकार्यः
सन्तुलित र समावेशी विकासका लागि सङ्घ, प्रदेश र स्थानीय तह तथा सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रबीचको समन्वय र सहकार्यलाई सुदृढ बनाइनेछ। संविधानमा उल्लिखित सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको सूचीलाई बजेट निर्माणको मुख्य आधार बनाइनेछ।

७. सार्वजनिक वित्त सन्तुलन र बजेट अनुशासनः
सार्वजनिक वित्तका क्षेत्रमा विगतदेखि झाङ्गिदै आएका विकृति तथा विसङ्गतिको अन्त्य गर्दै पूर्व तयारी र लगानी ढाँचा तय भएका आयोजनामा पुँजीगत विनियोजन केन्द्रित गरिनेछ । राष्ट्रिय प्राथमिकताका उच्च प्रतिफल हासिल हुने आयोजनामा सार्वजनिक ऋणको उपयोग र दिगोपना सुनिश्चित गरिनेछ । सार्वजनिक वित्त सन्तुलन कायम गर्न राजस्व परिचालनलाई प्रभावकारी बनाइनेछ ।

८. व्यवसायमैत्री वातावरणको सिर्जना र निजी क्षेत्रको लगानी प्रवर्द्धनः
निजीक्षेत्रको समग्र विकासको लागि कानूनी, संस्थागत र प्रक्रियागत सुधारलाई निरन्तरता दिइनेछ । लगानीमैत्री व्यावसायिक वातावरण सिर्जना गर्न एकद्वार सेवा प्रणालीलाई प्रभावकारी बनाइनेछ। जग्गाको हदबन्दी, वनक्षेत्रको प्रयोग, कर सहुलियत र नाफा फिर्ता प्रक्रियामा देखिएका कठिनाई र बेमेलको निराकरण गरिनेछ।

९. सामाजिक सुरक्षाको प्रत्याभूतिः
सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई आर्थिक र सामाजिक विपन्नताका आधारमा लक्षित वर्ग केन्द्रित र समन्यायिक बनाइनेछ । यस्ता कार्यक्रमहरूमा लाभग्राहीको समेत योगदान हुने व्यवस्था मिलाइनेछ । यी कार्यक्रमहरूलाई राष्ट्रिय परिचयपत्रसँग आवद्ध गरी दोहोरोपना हटाइनेछ ।

१०. नागरिकमैत्री सेवा प्रवाह र सुशासनः
सार्वजनिक सेवा प्रवाहमा नागरिकको सहज पहुँचको लागि सूचना प्रविधिको प्रयोग विस्तार गरिनेछ । राष्ट्रिय परिचयपत्र प्रणाली र नागरिक एपको माध्यमबाट सबै प्रकारका सार्वजनिक सेवा प्रवाहबीच अन्तर आवद्धता बढाइनेछ । भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवद्र्धन गरिनेछ । राष्ट्रसेवकको मनोबल उच्च बनाइनेछ । सार्वजनिक संस्थाप्रति नागरिकको विश्वास अभिवृद्धि गरिनेछ ।

सम्माननीय सभामुख महोदय,
सम्माननीय अध्यक्ष महोदय,

आगामी आर्थिक वर्षको विनियोजन विधेयक प्रस्तुत गर्दा देहाय बमोजिमका क्षेत्रगत प्राथमिकता तय गर्न आवश्यक ठानेको छु ।

११. रोजगारी सिर्जना, स्वरोजगार प्रवद्र्धन र गरिबी निवारणः
बजारको माग अनुरूप सीपयुक्त र दक्ष जनशक्ति विकास गरी रोजगारीमा आवद्ध गरिनेछ। स्वरोजगार प्रवद्र्धन गर्न युवा लक्षित उद्यमशीलता विकास र आधुनिक प्रविधिको प्रयोगमा जोड दिइनेछ । वैदेशिक रोजगारी माथिको निर्भरता घटाउँदै स्वदेशमै रोजगारीका अवसर सिर्जना गरिनेछ । विदेशमा काम गरी फर्केका युवाको सीप, पुँजी र प्रविधिलाई देश विकासमा उपयोग गर्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ। गरिबीको रेखामुनिका नेपालीलाई यस दुश्चक्रबाट बाहिर निकाल्न ठोस र प्रभावकारी कार्यक्रम कार्यान्वयन गरिनेछ ।

१२. आर्थिक सुधारः
मुलुकको अर्थतन्त्रलाई गतिशील तुल्याउन कानूनी, संस्थागत र प्रक्रियागत सुधार गरिनेछ । आर्थिक क्षेत्रका नियामकीय निकायको भूमिकालाई सुदृढ बनाइनेछ । निजी क्षेत्रको लगानी प्रवद्र्धन गर्न थप अनुकूलता सिर्जना गरिनेछ । मुलुकलाई सन् २०२६ सम्ममा विकासशील राष्ट्रमा स्तरोन्नति गर्दै सन् २०३० सम्ममा दिगो विकास लक्ष्य हासिल गर्न आवश्यक तयारी गरिनेछ। उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगका सुझावहरू क्रमशः कार्यान्वयन गरिनेछ ।

१३. कृषि क्षेत्रको व्यवसायीकरणः
कृषि क्षेत्रलाई यान्त्रिकीकरण र व्यावसायीकरण गरी उत्पादन र उत्पादकत्व बढाउन तथा खाद्य सुरक्षा सुनिश्चित गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ । कृषि क्षेत्रको इकोसिष्टम प्रभावकारी बनाइनेछ । कृषि फार्ममार्फत् व्यावसायिक खेती प्रवद्र्धन गर्न विशेष प्रोत्साहन गरिनेछ। सामुहिक तथा करार खेती प्रणालीलाई सहजीकरण गर्दै युवालाई कृषिमा आकर्षित गर्न नीतिगत व्यवस्था मिलाइनेछ । कृषिमा प्रदान गरिँदै आएका सबै प्रकारका अनुदानको पुनरावलोकन गरी उत्पादनमा आधारित बनाइनेछ । प्राङ्गारिक तथा रैथाने खेतीलाई प्रोत्साहित गरिनेछ। कृषि उपजको थोक बजार विकास, सुरक्षित भण्डारण र विषादी परिक्षण गरी स्वस्थकर उत्पादनमात्र बजारमा बिक्री वितरण हुने व्यवस्था मिलाइनेछ। उच्च मूल्यका नगदे बाली उत्पादन गर्न प्रोत्साहन गरिनेछ । सिँचाई आयोजनाको निर्माण र परम्परागत सिँचाई प्रणालीको पुनस्थापना गरी सिञ्चित क्षेत्र विस्तार गरिनेछ। रासायनिक मलको सहज आपूर्ति व्यवस्थाका साथै प्राङ्गारिक मलको उत्पादनलाई प्रोत्साहित गरिनेछ । गुणस्तरीय बिउ तथा प्राविधिक सेवा उपलब्ध हुने व्यवस्था मिलाइनेछ। आधुनिक र प्रविधिमा आधारित खेती प्रणाली अवलम्बन गर्न प्रोत्साहित गरिनेछ । व्यावसायिक खेतीका लागि वित्तीय पहुँचमा सहजता ल्याइनेछ। पशुपन्छीजन्य उत्पादन वृद्धिका लागि नश्ल सुधार र बजार व्यवस्थापनका कार्यक्रम सञ्चालन गरिनेछ ।

१४. विद्युत उत्पादन, प्रशारण र विश्वसनीय वितरणः
सुक्खायामको ऊर्जा माग पुरा गर्न जलाशययुक्त आयोजनाको निर्माणलाई प्राथमिकता दिइनेछ। जलविद्युत उत्पादन र प्रशारण आयोजनामा निजी पुँजी परिचालन गर्न प्रोत्साहित गरिनेछ। आन्तरिक र अन्तरदेशीय प्रशारण लाईन निर्माण गर्न प्राथमिकता दिइनेछ । ऊर्जा मिश्रणको अवधारणा अनुरूप सौर्य ऊर्जा विकासलाई प्रोत्साहित गरिनेछ । विद्युत वितरण प्रणालीलाई आधुनिकीकरण गरी विश्वसनीय बनाइनेछ । उत्पादित विद्युतको आन्तरिक खपत वृद्धि गर्ने तथा बचत हुने विद्युत निर्यात गर्न सहजीकरण गरिनेछ ।

१५. पर्यटन तथा हवाई पूर्वाधारको विकासः
राष्ट्रिय आयमा पर्यटन क्षेत्रको योगदान बढाउन प्रवद्र्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ । धार्मिक–सांस्कृतिक, साहसिक, खेल र पर्या–पर्यटन पूर्वाधार विकासलाई प्राथमिकता दिइनेछ । पुरातात्विक तथा सांस्कृतिक सम्पदाको संरक्षण गरिनेछ। पर्यटन विकासका लागि वन तथा निकुञ्ज क्षेत्रको उपयोग गर्न कानूनी प्रबन्ध गरिनेछ । गुणस्तरीय पर्यटकको संख्या वृद्धि गर्न र बसाई अवधि लम्ब्याउन जोड दिइनेछ । निर्माण सम्पन्न भएका विमानस्थलहरूलाई पूर्ण क्षमतामा सञ्चालनमा ल्याइनेछ । हवाई सुरक्षा प्रबन्धलाई प्रभावकारी बनाइनेछ ।

१६. औद्योगिक क्षेत्रको विकास र निकासी प्रवद्र्धनः
स्वदेशी कच्चा पदार्थमा आधारित उत्पादनमा जोड दिइनेछ । स्टार्ट–अप व्यवसायलाई प्रवद्र्धन गर्न प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ । स्वदेशी उत्पादनको उपभोगलाई प्रवद्र्धन गरिनेछ । उद्यमशीलता विकास गर्न सीप विकास र व्यवसाय इन्कुवेशनका कार्यक्रम सञ्चालन गरिनेछ। व्यापार सहजीकरण, सहज आपूर्ति व्यवस्था तथा उपभोक्ता हित संरक्षणमा जोड दिइनेछ । निकासी सम्भावना भएका तुलनात्मक लाभका वस्तु उत्पादन गर्न प्रोत्साहन गरिनेछ। औद्योगिक पूर्वाधार विकासमा लगानी वृद्धि गरी व्यावसायिक लागतमा कमी ल्याइनेछ ।

१७. डिजिटल पूर्वाधार र डिजिटल अर्थतन्त्रको निर्माणः
डिजिटल नेपालको लक्ष्य हासिल गर्न कानूनी सुधार तथा पूर्वाधार विकास गरिनेछ। सूचना प्रविधिमा निजी क्षेत्रको लगानी आकर्षित गर्न प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ। निर्यातको उच्च सम्भावना भएका सूचना प्रविधि क्षेत्रका उद्योगलाई थप प्रोत्साहित गरिनेछ। सूचना प्रविधिको माध्यमबाट नागरिकलाई प्रदान गरिने सेवालाई सरल, मितव्ययी र सेवाग्राहीमैत्री बनाइनेछ । सूचना प्रविधिको उपयोगलाई सुरक्षित, मर्यादित र भरपर्दो बनाइनेछ ।

१८. गुणस्तरीय र जीवनोपयोगी शिक्षाः
विद्यालय शिक्षालाई सर्वसुलभ र सबै तहको शिक्षालाई जीवनोपयोगी तुल्याइनेछ । शैक्षिक नतिजा सुधारका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ । शिक्षाको गुणस्तर वृद्धि र विद्यालय शिक्षाको व्यवस्थापन सुधार गर्न स्थानीय तहसँग सहकार्य गरिनेछ । विश्वविद्यालयको समग्र सुधार गरी अनुसन्धानमूलक बनाइनेछ । नैतिकवान, प्रतिस्पर्धी र सक्षम जनशक्ति उत्पादनलाई प्राथमिकता दिइनेछ । विश्वविद्यालय तथा विद्यालय शिक्षाको शैक्षिक क्यालेण्डरमा सामञ्जस्यता ल्याइनेछ । शैक्षिक पूर्वाधार निर्माणलाई प्राथमिकता दिइनेछ। विज्ञान, प्रविधि र नवप्रर्वतनमा जोड दिइनेछ ।

१९. गुणस्तरीय स्वास्थ्य सेवाः
आधारभूत स्वास्थ्य सेवा, महामारी नियन्त्रण र नसर्ने रोग नियन्त्रणका कार्यक्रमलाई व्यवस्थित, प्रभावकारी र सुदृढ बनाइनेछ । सङ्घीय अस्पतालको विशिष्टिकृत सेवा विस्तार गरिनेछ । स्वास्थ्य सेवाको गुणस्तर वृद्धि गरिनेछ । निरोधात्मक स्वास्थ्य विधिको प्रवद्र्धन गरिनेछ । निर्माण सम्पन्न भएका आधारभूत अस्पतालहरू स्थानीय तहको व्यवस्थापनमा सञ्चालन गरिनेछ । स्वास्थ्य बीमालाई पुनर्सरचना गरी व्यवस्थित बनाइनेछ । स्वास्थ्य विज्ञान प्रतिष्ठानहरूको सञ्चालनमा एकरूपता ल्याइनेछ ।

२०. मानव पुँजी निर्माणः
सबै नागरिकलाई उद्यमशील, उत्पादक र सक्षम बनाउन जोड दिइनेछ। मुलुकमा उपलब्ध जनसाङ्ख्यिक लाभलाई उच्चतम उपयोग गरिनेछ । उत्पादन र उत्पादकत्व वृद्धिका लागि आवश्यक ज्ञान, सीप र प्रविधियुक्त दक्ष जनशक्ति विकास गर्न ठोस कार्यक्रम तर्जुमा गरिनेछ ।

२१. युवा, महिला, बालबालिका तथा ज्येष्ठ नागरिकः
युवाको सर्वाङ्गिण विकास गरी देशको समृद्धिमा योगदान बढाउन प्रभावकारी कार्यक्रम सञ्चालन गरिनेछ । आर्थिक क्रियाकलापमा महिलाको सार्थक सहभागिता सुनिश्चित गर्न वित्तीय पहुँच र उद्यमशीलताको विकासमा जोड दिइनेछ । नेपाललाई सहयोगापेक्षी सडकमानवमुक्त बनाइनेछ। बाल सुधार गृहलाई व्यवस्थित गरिनेछ। लैङ्गिक हिंसा तथा मानव बेचबिखन र ओसारपसार नियन्त्रण गर्न चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । अपाङ्गता भएका व्यक्तिको हित संरक्षणको लागि परिचयपत्र वितरण र राज्यबाट प्रदान गरिने सुविधालाई व्यवस्थित गरिनेछ । ज्येष्ठ नागरिकको सम्मान तथा संरक्षण गरिनेछ । खेलकुद पूर्वाधार विकास गरिनेछ । खेलाडीलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी हुन प्रोत्साहन गरिनेछ ।

२२. भौतिक पूर्वाधार तथा आवास विकासः
निर्माणाधीन राष्ट्रिय गौरवका तथा ठूला पूर्वाधार आयोजना सम्पन्न गर्न प्राथमिकता दिइनेछ । आयोजना बैङ्कमा समावेश भएका, प्रतिफलयुक्त र पूर्व तयारी सम्पन्न भएका आयोजनामा प्राथमिकता दिई विनियोजन गरिनेछ । राष्ट्रिय आवश्यकता र प्राथमिकताका आधारमा वैदेशिक सहायता परिचालन गरिनेछ । निर्धारित समय, लागत र गुणस्तर अनुरूप आयोजना सम्पन्न गर्न रेडिनेस फिल्टर लागु गरिनेछ । आयोजनाका लागि वन क्षेत्रको प्रयोग र जग्गा प्राप्ति लगायतका विषयमा सहजीकरण गरिनेछ । सार्वजनिक यातायात सेवालाई सुरक्षित, सहज र वातावरणमैत्री तुल्याइनेछ । दिगो शहरी पूर्वाधार विकासमा जोड दिइनेछ । नयाँ शहर र एकीकृत शहरी पूर्वाधार निर्माणमा निजी क्षेत्रको लगानी आकर्षित गरिनेछ। भवन संहितालाई अद्यावधिक गरी कार्यान्वयन गरिनेछ । व्यवस्थित आवास विकास आयोजना सञ्चालन गरिनेछ ।

२३. खानेपानी तथा सरसफाईः
गुणस्तरीय खानेपानी सुविधा सुनिश्चित गर्न सेवा प्रदायकको संस्थागत क्षमता विकासमा जोड दिइनेछ । खानेपानी वितरणसँग सम्बन्धित निकायहरूको पुनर्संरचना गरिनेछ। फोहरमैला व्यवस्थापनमा नवीन प्रविधिको उपयोग गरिनेछ ।

२४. भूमि व्यवस्थाः
भूमिहीन दलित, सुकुम्वासी तथा अव्यवस्थित बसोबासीको समस्या स्थायीरुपमा समाधान गरिनेछ । राज्य सुविधा परिचयपत्रलाई राष्ट्रिय परिचयपत्र प्रणालीमा आवद्ध गरिनेछ। भू–उपयोग योजना कार्यान्वयन गरिनेछ । भूमि सम्बन्धी डिजिटल अभिलेख व्यवस्थित गरिनेछ। भूमि प्रशासनलाई स्वच्छ र सेवाग्राहीमैत्री बनाइनेछ ।

२५. जलवायु परिवर्तन र विपद् व्यवस्थापनः
जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरणका कार्यक्रम सञ्चालन गरिनेछ । अन्तर्राष्ट्रिय जलवायु कोषमा वित्तीय पहुँच वृद्धि गर्न पहल गरिनेछ। कार्बन व्यापारलाई व्यवस्थित गरी अधिकतम लाभ प्राप्त गर्न जोड दिइनेछ । विपद्बाट हुने क्षति न्यूनीकरण गर्न सबै तह र क्षेत्रबीच सहकार्य गर्ने प्रबन्ध मिलाइनेछ । सुरक्षित, गुणस्तरीय र वातावरणमैत्री भौतिक संरचना निर्माणमा जोड दिइनेछ । भूकम्प तथा बाढीजन्य विपद्का कारण क्षतिग्रस्त निजी आवास र सार्वजनिक संरचनाको पुनर्निर्माण गरिनेछ । सगरमाथा सम्वादको निचोडलाई क्रमिकरूपमा कार्यान्वयनमा लगिनेछ ।

२६. सामाजिक न्याय र समावेशी विकासः
समावेशी विकासको अवधारणा अनुरूप महिला, आदिवासी जनजाति, मधेशी, दलित, थारु, मुस्लिम, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्तिलगायत पछाडि परेका वर्ग र समुदायको उत्थान र सशक्तीकरणका कार्यक्रम सञ्चालन गरिनेछ । सबै प्रकारका विभेद, कुरीति, अन्धविश्वास, छुवाछुत र असमानता हटाउन प्रभावकारी कार्यक्रम कार्यान्वयन गरिनेछ । आधारभूत सामाजिक सेवामा सबैको पहुँच सुनिश्चित गरिनेछ।

२७. सामाजिक सुरक्षाः
श्रमिकको सामाजिक सुरक्षा र श्रमको सम्मान गर्ने संस्कृतिको विकास गरिनेछ। सामाजिक सुरक्षा कार्यक्रमलाई एकीकृत गर्दै आर्थिकरूपले धान्न सकिने गरी परिमार्जन गरिनेछ । लक्षित वर्गका लागि प्रभावकारी सामाजिक सुरक्षा प्रदान गरिनेछ। सामाजिक सुरक्षाका लाभग्राहीहरुलाई राष्ट्रिय परिचयपत्रको अभिलेखको आधारमा रकम प्रदान गर्ने नीति लिइनेछ ।

२८. वित्तीय क्षेत्रको सुदृढीकरणः
वित्तीय क्षेत्रको नियमनलाई थप सुदृढ, विश्वासिलो र भरपर्दो बनाइनेछ। नियामक निकायहरूको संस्थागत सुदृढीकरण र काम कारवाहीमा पारदर्शिता अभिवृद्धि गरिनेछ। वित्तीय साक्षरता र वित्तीय पहुँच विस्तार गरिनेछ । निक्षेप र भुक्तानी प्रणालीलाई थप सुरक्षित बनाइनेछ । विप्रेषण आयलाई उत्पादनशील उपयोग गर्न प्रोत्साहित गरिनेछ । पीडितले न्याय पाउने गरी सहकारी र लघु वित्त क्षेत्रका समस्याहरूको समाधान गरिनेछ । यस क्षेत्रमा सुशासन कायम गर्न नीतिगत तथा संरचनागत सुधार गरिनेछ । गैर बैंकिङ्ग सम्पत्ति व्यवस्थापन र मौद्रिकीकरणका लागि सम्पत्ति व्यवस्थापन कम्पनी स्थापना गरिनेछ। डिजिटल बैंक स्थापना गरिनेछ । पुँजी बजारको संरचनागत सुधार गरी गतिशील तुल्याइनेछ । सम्वत् २०८३ भित्र मुलुकलाई सम्पत्ति शुद्धीकरण निवारणको विस्तृत अनुगमन सूचीबाट बाहिर ल्याइनेछ ।

२९. वित्तीय सङ्घीयता कार्यान्वयनः
सङ्घ, प्रदेश र स्थानीय तहको संवैधानिक जिम्मेवारी अनुसार आयोजना तथा कार्यक्रम कार्यान्वयन गरिनेछ । अन्तर–तह समन्वय सुदृढीकरण गरी विकास कार्यमा तीव्रता ल्याइनेछ। सङ्घीय वित्तीय हस्तान्तरणलाई समन्यायिक बनाइनेछ । सङ्घ, प्रदेश र स्थानीय तहमा वित्तीय जवाफदेहिता र उत्तरदायित्व बलियो बनाउन राष्ट्रिय रणनीति र मापदण्ड तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

३०. बजेट प्रणालीको सुदृढीकरणः
स्रोत व्यवस्थापन तथा बजेट कार्यान्वयनमा दक्षता ल्याई सीमित साधनबाट अधिकतम प्रतिफल हासिल गर्न जोड दिइनेछ । पूर्व तयारी सम्पन्न भएका, प्रतिफल दर उच्च भएका र ठूला आयोजनामा सरकारी लगानी केन्द्रित गरिनेछ । साना, छरिएका, दोहोरो परेका, स्रोत सुनिश्चित नभएका र सम्पन्न हुन लामो समय लाग्ने विद्यमान आयोजना संख्यामा कटौती गरिनेछ । क्रमागत आयोजनाहरुलाई पुनःप्राथमिकीकरण, पुनर्संरचना वा स्थगन गरिनेछ । आगामी आर्थिक वर्षमा सम्पन्न हुने आयोजनाका लागि पर्याप्त बजेट विनियोजन गरिनेछ । खरिद तथा ठेक्का व्यवस्थापन सम्बन्धी विद्यमान कानूनी जटिलता समाधान गरिनेछ । आयोजना कार्यान्वयन गर्न अन्तर निकाय समन्वयलाई सशक्त बनाइनेछ ।

३१. विकास वित्तको विस्तारः
विकास आयोजनामा विद्यमान लगानी अन्तर कम गर्न उच्च प्रतिफलयुक्त आयोजनामा निजी पुँजी परिचालन गर्न नवीन वित्तीय उपकरणको उपयोग गरिनेछ । राष्ट्रिय प्राथमिकताका सम्भाव्य आयोजनाको कार्यान्वयनमा वैकल्पिक विकास वित्तका माध्यमबाट स्रोत व्यवस्थापन गरिनेछ ।

३२. राजस्व प्रणालीको सुदृढीकरणः
राजस्व प्रशासनको व्यावसायिकता र दक्षता अभिवृद्धि गरिनेछ । उत्पादन र लगानीमैत्री राजस्व नीति तर्जुमा गरिनेछ । नियतवस कर छल्ने प्रवृत्तिलाई कडाइका साथ नियन्त्रण गरिनेछ । कर कानूनहरूमा रहेका अस्पष्टता र द्विविधा हटाउन आवश्यक परिमार्जन गरिनेछ। करको दायरा विस्तार र स्वेच्छिक परिपालनामा जोड दिइनेछ ।

३३. राष्ट्रिय सुरक्षाः
राष्ट्रिय सुरक्षा तथा प्रतिरक्षा नीतिको प्रभावकारी कार्यान्वयन गरी मुलुकको सुरक्षा प्रणालीलाई सुदृढ बनाइनेछ । सबै सुरक्षा निकायको क्षमता विकास गरी उच्च मनोबल कायम गर्न आवश्यक स्रोतको व्यवस्था गरिनेछ । साइवर सुरक्षाका लागि विश्वसनीय प्रबन्ध गरिनेछ ।

३४. अन्तर्राष्ट्रिय सम्बन्धः
छिमेकी एवम् मित्रराष्ट्रहरूसँग सार्वभौमिक समानता, पारस्पारिक हित र आपसी सम्मानमा आधारित सन्तुलित सम्बन्ध कायम गरिनेछ । सबल आर्थिक कुटनीतिको माध्यमबाट वैदेशिक सहायता, लगानी, पर्यटन प्रवद्र्धन, व्यापार र प्रविधि विस्तारमा जोड दिइनेछ ।

३५. कानूनी शासन, मानव अधिकार र सुशासन प्रवद्र्धनः
कानूनको परिपालना र प्रभावकारी कार्यान्वयन गरी कानूनी शासन तथा मानव अधिकारको प्रत्याभूति गरिनेछ । जनताको जिउधन र सार्वजनिक सम्पत्तिको भरपर्दो सुरक्षा सुनिश्चित गरिनेछ । कानूनी अड्चन र प्रशासनिक जटिलतालाई हटाउँदै सार्वजनिक प्रशासनलाई स्वच्छ, दक्ष र जनमुखी बनाइनेछ। सार्वजनिक सेवालाई प्रविधिमा आधारित र छरितो बनाइनेछ । सार्वजनिक निर्णयमा स्वार्थको द्वन्द्व हुन नदिने नीति अवलम्बन गरिनेछ । समयमा निर्णय नगरी कार्य जिम्मेवारी पुरा नगर्ने प्रवृत्तिलाई दण्डित गरिनेछ । सार्वजनिक जिम्मेवारी पूरा गर्दा असल मनसायले गरेको कामको संरक्षण गरिनेछ । भ्रष्टाचारजन्य तथा सम्पत्ति शुद्धीकरण जस्ता अपराधलाई कडाईका साथ नियन्त्रण गरिनेछ । न्यायपालिका लगायत सबै संवैधानिक निकायको संस्थागत सुदृढीकरण गरिनेछ ।

सम्माननीय सभामुख महोदय,
सम्माननीय अध्यक्ष महोदय,

३६. अब हामी उद्यमशीलता प्रवद्र्धन र आधुनिक प्रविधिको प्रयोगबाट उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धि गर्दै सबल राष्ट्रिय अर्थतन्त्रको निर्माण गर्न; विकास, समृद्धि एवम् सामाजिक न्यायको राष्ट्रिय अभिभारा पूरा गर्दै लोकतान्त्रिक मूल्यमा आधारित समाजवादतर्फ तीव्र वेगका साथ अघि बढ्न जरुरी छ ।

३७. अन्तमा, विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामाथि छलफलको क्रममा माननीय सदस्यहरूबाट व्यक्त हुने विचार, विश्लेषण र सुझावहरूलाई महत्त्वपूर्ण आधारका रुपमा लिई आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्ने विश्वास दिलाउँछु । विनियोजन कुशलता र बजेट प्रणालीमा अनुशासन कायम गरी अर्थतन्त्रमा आशा एवम् विश्वास जगाउन आगामी वर्षको बजेटले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेछ भन्नेमा म विश्वस्त छु ।

# कटानबाट बस्तीसँगै पोखरी जोगाउने गरी सौन्दर्यकरण



**मधेशदृष्टि**
**राजविराज ।**
सप्तरीको राजविराज नगरपालिका–५ स्थित छठ पोखरीको सौन्दर्यकरण तथा नजिकै रहेको भलुवाही खोलाको तटबन्ध निर्माण कार्य शुरु भएको छ । आइतबार प्रतिनिधिसभा सदस्य रन्जु ठाकुरले धार्मिक एवम् सांस्कृतिक महत्वको पोखरी सौन्दर्यकरण, छठ पूजाघाट निर्माण तथा नजिकै रहेको भलुवाही खोलाको तटबन्ध निर्माण कार्य शिलान्यास गरेसँगै बस्ती र पोखरी सुरक्षित हुनुका साथै काँचुली फेर्न लागेको हो ।

शिलान्याससँगै आइतबारदेखि नै दुवै संरचना निर्माणसमेत शुरु भएको छ । सांसद ठाकुरको पहलमा संघीय सरकारको पर्यटन मन्त्रालयबाट २०८१–८२ मा ९० लाख रुपैयाँ बजेट विनियोजनपछि पोखरीको सौन्दर्यकरण र तटबन्ध निर्माण कार्य अघि बढेको राजविराज नगरपालिकाका योजना अधिकृत मनोज यादवले जानकारी दिए ।

स्थानीय पब्लिक बिन्देश्वरी माध्यमिक विद्यालय, शिक्षा समन्वय विकास इकाई कार्यालय तथा सरस्वती टोल निकटअवस्थित धार्मिक महत्वको पोखरीमा छठघाट र सरसफाईको अभावको साथै नजिकैबाट बग्ने भलुवाही खोलाको कटानका कारण छठपर्वलगायत विभिन्न धार्मिक गतिविधि गर्न भक्तजन तथा आसपासका वासिन्दालाई समस्या हुँदै आएपछि आफूले यसलाई व्यवस्थित गर्न आवश्यक पहल गरेको सांसद ठाकुरको भनाइ छ ।

उनले यस क्षेत्रबाट भलुवाही खोला बग्ने गरेको तथा वर्षायाममा कटान गर्ने गरेकाले बस्ती र पोखरी दुवैलाई बाढीबाट जोगाउन सोही बजेटबाट तटबन्ध निर्माण कार्यसमेत गर्न लगाइएको जानकारी दिए । उनले स्थानीयको धेरै दिनदेखिको चाहना पूरा गर्दै हुनलागेको पोखरी सौन्दर्यकरण अन्तर्गत चारैतिर पूजाघाट र बगैँचा निर्माण गर्ने योजना रहेको जानकारी दिइन् । उनले यसवर्ष उपलब्ध बजेटबाट पोखरीको दुई साइडमा बाँकी रहेको छठघाट निर्माण, सौन्दर्यकरण तथा कटानबाट जोगाउन तटबन्ध लगायतका निर्माण कार्यको थालनी गरेर आगामी आर्थिक वर्षमा उपलब्ध हुने थप बजेटलाई क्रमशः पोखरीको थप सौन्दर्यकरण र सेवासुविधा वृद्धिलगायतका काममा खर्चिने प्रतिबद्धता जनाइन् ।

पोखरीमा चारैतिर पूजाघाटको अभाव र वर्षौंदेखि वर्षायामका बेलामा भलुवाही खोलाले गर्ने कटान र त्यसबाट हुने क्षति रोक्न थालिएको निर्माण कार्य सम्पन्न भएपछि यस बस्ती र आसपासका सैयौँ जनता लाभान्वित हुने स्थानीयवासी लक्ष्मण यादवको भनाइ छ । आगामी जेठ मसान्तभित्रै निर्माण कार्य सम्पन्न गर्ने लक्ष्यका साथ निर्माण कार्य शुरु भएको नगरपालिकाले जनाएको छ ।

शिलान्यास समारोहमा राजविराज नगरपालिकाका कार्यबाहक नगरप्रमुख इसरत परबिन, वडाअध्यक्ष बन्दुलाल दास, नेपाल पत्रकार महासंघका राष्ट्रिय परिषद् सदस्य मनोज माझी, युवा नेता इर्साद अन्सारी, पार्थो सरकार, संजय झाका ठूलो संख्यामा स्थानीय सहभागी थिए ।

# नीति तथा कार्यक्रमः डायबिटिजको बिरामीलाई मिठाइ !

**मधेशदृष्टि**
**काठमाडौँ ।**
आम जनता पार्टीका अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले सरकारले ल्याएको नीति तथा कार्यक्रम 'डायबिटिजको बिरामीलाई मिठाई खुवाएको' जस्तै देखिएको बताएका छन् । प्रतिनिधिसभाको आइतबारको बैठकमा नीति तथा कार्यक्रममाथि छलफलमा भाग लिने क्रममा सांसद साहले यस्तो टिप्पणी गरेका हुन् ।

उनले भने, 'नीति तथा कार्यक्रम एक शब्दमा भन्नुपर्दा डायबिटिजको बिरामीलाई मिठाई खुवाएजस्तै हो, राज्यको उच्च ओहोदामा बस्नेले खुलेआम लुट्ने अनि भ्रष्टाचार गरेको पैसा विदेशमा थुपार्ने, अहिलेको मूल प्रवृत्ति भएको छ । लुटको पैसा, भ्रष्टाचारको कालो धन रोक्छौँ र फिर्ता ल्याउँछौँ भनेर प्रतिबद्धता हुनुपर्दथ्यो । त्यसरी नीति आउनुपर्दथ्यो । तर, यहाँ त ठीक उल्टो भएको छ, खुलेआम लैजानुहोस् भन्नेखालको नीति तथा कार्यक्रम देखिन्छ ।'

विदेशमा श्रममा रहेका लाखौँ युवाले आफ्नो खुन–पसिना चुहाएर कमाएको पैसा नेपाली जनताको लागि हो कि भ्रष्टाचारीहरुको लागि हो भन्दै पूर्वमन्त्री साहले प्रश्न गरे । उनले भने, 'आज जो युवाले वैधानिक तवरले पैसा पठाउँछ, त्यसको पैसा घट्ने, अनि कालो धनसँग साट्दा त्यो पैसा बढेर गाउँमा पुग्ने, के सरकारलाई थाहा छैन ? नेपाली श्रमिक युवा जतिको संख्यामा विदेशमा हुनुहुन्छ, त्यही अनुपातमा विदेशबाट रेमिट्यान्स आएको छैन भन्ने कुरा त सरकारलाई राम्रोसँग थाहा छ । यहाँ त नेताज्यूहरुको छोराछोरीका लागि पैसा विदेशमा पठाउनुपर्ने छ, यहाँ लुटेको पैसा विदेशमा थुपार्नुपर्ने छ, त्यो मिलान गर्नको लागि जानी बुझिकन यसरी प्रावधान ल्याउने ?' उनले नेपाल सरकारले वैधानिक तवरले पैसा पठाउनेलाई कर हटाइदिने र थप सुविधा दिनुपर्ने सुझाव दिए ।

उनले नेपाल प्राकृतिकरुपमा धनी र स्वर्ग भएको बताए । उनले भने, 'प्रकृतिले नेपाललाई स्वर्ग दियो, तर नेताहरुको कुकर्मले आज यो नर्क बन्यो । प्राकृतिक स्रोत तथा साधनको आम्दानी नेताहरुको स्वार्थमा प्रयोग भइरहेको छ । नेपालको झण्डै आधा भूभागमा जंगल छ । जंगलको रक्षा गर्न, संरक्षण गर्न, विकास गर्न नेपाल सरकारले झण्डै ३० अर्ब रुपैयाँ खर्च गर्छ, त्यो ३० अर्ब रुपैयाँ नेपाली जनताको खुनपसिनाको पैसा हो । अनि आफ्नै जंगलको काठ किन्नुपर्दा सात समुन्द्रपारीको देश भन्दा महँगो तिर्नुपर्ने, जंगलको पैसा के भयो भनेर सोध्ने कि नसोध्ने ? जुन जंगलको लागि हामीले ३० अर्ब रुपैयाँ लगानी लगाउँछौँ, त्यो जंगलबाट कति आम्दानी आउँछ ?'

उनले गाउँघरमा दुई बिघामा बगैँचा लगाउँदा एउटा परिवार चल्ने आम्दानी हुने गरेको भन्दै जंगलको रक्षाका लागि अर्बौंमा लगानी गर्दा पनि एक अर्ब रुपैयाँ पनि आम्दानी गर्न नसकेकामा भने आलोचना गरे । आक्रोश पोख्दै उनले भने, 'के हाम्रो प्राकृतिक सम्पदा, साधन नेता र उनीहरुको आसेपासेको लागि हो ? हाम्रो खुन अनि पसिना ? हामीले सोध्ने कि नसोध्ने ?'

उनले देशको जम्मा भूभागको २५ प्रतिशत जग्गा नेपाली जनताले उपयोग गरेको तथ्यांक पेश गर्दै २५ प्रतिशतको उपयोगबाट झण्डै ६० प्रतिशतको जीवन निर्वाह भएको बताए । राज्यको लुटकारी चरित्रलाई नै बढावा दिने गरी अहिलेको नीति तथा कार्यक्रम आएको उनको आरोप छ । उनले नेपालमा कर आतंक पनि उस्तै रहेको चित्रण गरे । भारतमा ३७ र चीनमा ३४ सरकारले कर लिने तर नेपालमा ७ सय ६१ सरकारले कर लिने गरेको उनले बताए । भारतमा जम्मा १४ शीर्षकमा कर लिने र नेपालमा ४६ शीर्षकमा कर असुल्ने गरिएको बताए । केन्द्र सरकारले आयकर, भन्सारकरलगायत झण्डै २१ वटा कर लगाउने, प्रदेश सरकारले सवारी, मनोरञ्जनजस्ता कर झण्डै ८–९ वटा कर लगाउने र स्थानीय तहले सम्पत्ति कर, मालपोत करजस्ता झण्डै १४ कर लगाउने गरेको उनले बताए ।

उनले खुला सिमानालाई वरदान बनाउन सकिने पनि उपाय सुझाए । उनले सरकारले अघि सारेको अहिलेको नीति तथा कार्यक्रमले देशलाई बर्वाद बनाउने आरोप लगाए । उनले अहिलेको नीति तथा कार्यक्रमले जनतालाई निराशा बनाउने काम गरेको बताए ।

# चलचित्र पत्रकार संघमा सूर्य



**मधेशदृष्टि**
**वीरगंज ।**
चलचित्र पत्रकार संघ पर्साको अधिवेशन आइतबार वीरगंजमा भएको छ । अधिवेशनले सर्वसम्मत निर्णय गर्दै सूर्य नारायण विकको अध्यक्षतामा ११ सदस्यीय कार्यसमिति गठन गरेको छ । कार्यक्रममा पत्रकारिता, चलचित्र तथा सांस्कृतिक क्षेत्रका विभिन्न व्यक्तित्वको उपस्थिति थियो । चलचित्र पत्रकारितामा क्रियाशील पत्रकारको सशक्त संगठन निर्माण गर्ने उद्देश्यका साथ आयोजित अधिवेशनलाई ऐतिहासिक मानिएको छ ।

नवगठित कार्यसमितिमा उपाध्यक्ष आनन्द पटेल, सचिव रञ्जीत यादव, कोषाध्यक्ष सबनम भट्टराई, सहकोषाध्यक्ष दिपु बर्णवाल छन् भने सदस्यहरूमा मनिषा गुप्ता, अखिल पटेल, जय यादव, समिना रंजीतकार, रश्मी राजभण्डारी, सन्तोष कुशवाहा छन् ।

अध्यक्षमा चयन भएपछि बिकले आफ्नो कार्यकालमा चलचित्र पत्रकारको हकहित, क्षमता विकास तथा स्थानीय चलचित्र संस्कृतिको प्रवद्र्धनका लागि संघले योजनाबद्ध रूपमा काम गर्ने प्रतिवद्धता जनाएका छन् ।

उनले फिल्म पत्रकारिताको व्यावसायिकता, मर्यादा र निष्पक्षता कायम राख्न संघ अग्रसर हुने बताए ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ मधेश प्रदेशका अध्यक्ष श्याम बञ्जारा, मधेश विश्वविद्यालयका उपकुलपति डा. दीपक शाक्य, चर्चित कलाकार नन्दु श्रिवास्व, सुनिल पण्डित, संघको संस्थापक अध्यक्ष निलिमा पौडेललगायतको सहभागिता थियो ।

# हंसपुरमा तेली समाजको प्रथम साधारण सभा सम्पन्न




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
हंसपुर नगरपालिका–८ स्थित सुगा मधुकरहीमा शनिबार तेली कल्याण समाज नेपाल, हंसपुर नगर कार्यसमितिको आयोजनामा प्रथम साधारण सभा भएको छ । कार्यक्रममा प्रमुख अतिथि पूर्वमन्त्री अरविन्द साहले तेली समुदायको सामाजिक, आर्थिक र शैक्षिक उन्नतिका लागि एकताबद्ध प्रयासको आवश्यकता रहेको उल्लेख गर्दै समाजभित्र आपसी सहयोग र समन्वय अझै सशक्त बनाउन आग्रह गरे । उनले तेली समाजको पहिचान र अधिकार स्थापित गर्न युवाले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिए ।

सभाको अध्यक्षता नगर कार्यसमितिका अध्यक्ष श्याम कुमार साहले गरेका थिए भने कार्यक्रमको संयोजन नगर सचिव राज कुमार साहले गरेका थिए ।

साधारण सभामा सहभागी वक्ताले राजनीतिक दलले तेली समाजलाई भोट बैंकको रुपमा मात्र प्रयोग गरेको हुनाले अब सचेतापूर्वक आपसी भाइचारा, सामाजिक समावेशिता र समुदायको समृद्धिको लागि साझा योजना निर्माण गर्नुपर्ने धारणा राखे । कार्यक्रममा नगरका विभिन्न वडाबाट उलेख्य सहभागिता थियो ।

तेली कल्याण समाज नेपाल, हंसपुर नगर कार्यसमिति परिवारद्वारा आयोजित कार्यक्रमले स्थानीय समुदायमा नयाँ ऊर्जा थपेको सहभागीको भनाइ छ ।

# आजपाको सप्ताहव्यापी भण्डाफोर अभियान




आम जनता पार्टीले दलाल दलतन्त्रविरुद्ध देशभर सप्ताहव्यापी भण्डाफोर अभियान सञ्चालन गर्ने निर्णय गरेको छ । कोटेश्वरस्थित केन्द्रीय कार्यालयमा पार्टी अध्यक्ष प्रभु साहको अध्यक्षतामा बसेको सचिवालय बैठकले दलीय गणतन्त्रको भण्डाफोर गर्दै जनताको जनगणतन्त्र स्थापना गर्न देशव्यापी कमाण्डर तोकेको छ ।

वर्तमान गणतन्त्र जनताका लागि नभई दलका नेता र तिनका आसेपासे झोलेका लागि रहेको टिप्पणी गर्दै पार्टीले गणतन्त्र दिवसको सन्दर्भ पारेर 'दलीय गणतन्त्रको भण्डाफोर गरौँ ! जनगणतन्त्रको दिशामा अघि बढौँ' भन्ने मूलनाराका साथ दलाल दलतन्त्रविरुद्ध देशभर सप्ताहव्यापी भण्डाफोर अभियान सञ्चालन गर्न लागेको प्रवक्ता चन्द्र भुषण साहले जानकारी दिए ।

भण्डाफोर अभियान सञ्चालनका लागि संघीय राजधानी काठमाडौँमा प्रभु साह, कोशी प्रदेशमा तिलक थापा मगर, मधेश प्रदेशमा चन्द्रभुषण साह, लुम्बिनी प्रदेशमा त्रिभुवन साह, गण्डकी प्रदेशमा ज्ञानेन्द्र कुमार तामाङ र सुदूरपश्चिम प्रदेशमा समिना हुसैनको नेतृत्वमा कमाण्डर तोकिएको छ ।

'पार्टीको केही महत्वपूर्ण विभागलाई थप व्यवस्थित एवम् फलदायी बनाउन संगठन विभाग प्रमुखमा त्रिभुवन साह, आर्थिक विभाग प्रमुखमा रञ्जु साह र शिक्षक विभागमा रविन्द्र प्रसाद सिंहलाई जिम्मेवारी तोकिएको छ ।

बैठकले आन्दोलन र पार्टी संगठनलाई जनस्तरमा पुर्याउन संगठन निर्माण र सदस्यता वितरण अभियानलाई थप प्रभावकारी बनाउने निर्णय गरेको छ भने कार्य सम्पादन मूल्यांकनको आधारमा लुम्बिनि प्रदेशबाट डा. उषमान अलि, शम्भु जयसवाल, क. भगत र विद्या शर्मालाई पार्टीको सचिवालय सदस्यमा मनोनित गरेको छ ।

# कपडाको प्रलोभनमा रक्सौल लगेर यौनधन्दामा प्रयोग




**मधेशदृष्टि**
**वीरगंज ।**
नयाँ कपडाको प्रलोभन दिएर नाबालिकालाई भारतको रक्सौलमा लगेर यौनधन्दामा लगाउने महिलालाई प्रहरीले पक्राउ गरेको छ । वीरगंज महानगरपालिका वडा नम्बर १६ नगवाकी २४ वर्षीया आलिया खातुन यो प्रकरणमा समातिएकी हुन् ।

आलियाले नगवाकै विपन्न परिवारकी अन्दाजी १४ वर्षीया नाबालिकालाई नयाँ लुगा किन्दिने र पैसा पनि दिने प्रलोभन दिएर वैशाख २१ गते सीमावर्ती रक्सौल बजारमा लगेकी थिइन् । त्यहाँ आलियाले ती बालिकालाई विभिन्न लजमा ७ दिनसम्म राखेर यौनधन्दामा लगाएको खुलेको छ ।

बालिकाका अभिभावकले छोरी घरबाट सम्पर्कविहीन भएपछि खोजतलासका लागि प्रहरी कार्यालयमा निवेदन दिएका थिए । खोजतलासमा खटिएको प्रहरीले आलिया र बालिका दुवै आलियाको घरमा रहेको सूचना शुक्रबार मध्यराति पाएको थियो । शनिबार बिहान २ बजेतिर इलाका प्रहरी कार्यालय नगवाबाट खटिएको प्रहरी टोलीले नगवास्थित आलियाको घरमा पुगेर छापा मारेर बालिकाको उद्धार गरेको छ । आलियालाई नियन्त्रणमा लिइएको पर्साका प्रहरी उपरीक्षक गौतम मिश्रले जानकारी दिए ।

प्रहरीसँगको बयानका क्रममा पीडित बालिकाले आफूलाई आलियाले झुक्याएर रक्सौल बजारमा लगेको र त्यहाँका विभिन्न लजमा लगेर ग्राहकसँग पैसा लिएर यौनधन्दामा लगाएको बताएको प्रहरी उपरीक्षक मिश्रले जानकारी दिए । मिश्रका अनुसार, अनुसन्धानक्रममा पक्राउ परेकी आलियाले यसभन्दा पहिला पनि बालिका र किशोरीलाई विभिन्न प्रलोभन दिएर यौनधन्दामा लगाउने गरेको खुलेको छ ।

आलियाविरुद्ध मानव वेचबिखन तथा ओसार पसार नियन्त्रण ऐन २०६४ अन्तर्गतको कसूरमा पर्सा जिल्ला अदालतबाट ५ दिनको म्याद थप अनुमति लिई अनुसन्धान भइरहेको प्रहरी उपरीक्षक मिश्रले जानकारी दिए ।

# पोल्याण्ड पठाइदिन्छु भनेर ठगी



**मधेशदृष्टि**
**महोत्तरी ।**
वैदेशिक रोजगारीको लागि पोल्याण्ड पठाइदिन्छु भन्दै ठगी गरेको आरोपमा प्रहरीले युवतीलाई पक्राउ गरेको छ । बर्दिबास नगरपालिका–५ घर भएकी ३३ वर्षीया दीपा कुमारी पोख्रेल पक्राउ परेकी हुन् ।

काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक काजी कुमार आचार्यका अनुसार पोख्रेलले बेरोजगार युवायुवतीलाई आकर्षक तलबको प्रलोभनमा पारी रोजगारीका लागि पोल्याण्ड लैजाने भन्दै २ लाख रुपैयाँ लिएकी थिइन् । तर, उनी लामो समयसम्म विदेश नपठाई सम्पर्कविहीन भएकी थिइन् । पीडितले दिएको जाहेरी अनुसार उनलाई काठमाडौँको गोकर्णेश्वर नगरपालिका–५ बाट पक्राउ गरिएको उपरीक्षक आचार्यले जानकारी दिए । उनलाई थप अनुसन्धान तथा कारबाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन